
काठमाडौं जिल्ला प्रशासन कार्यालय
दर्ता नम्वर १५८/०७२/०७३

www.resungatoday.com

# रेसुङ्गा टुडे

## Resunga Today Weekly साप्ताहिक

वर्ष ४, अंक ४८, पूर्णाङ्क १९९, २०७६ माघ १२ गते आइतबार (January 26, 2020) मूल्य रू १०।-



**नेपालमा सही लिडर किन उत्पादन भएनन् ?**
– किशोर थापा

———— पृष्ठ ३ मा



**विवाहको मिति टुंगो नलागि प्रियंकाको ब्याचलोरेट पार्टी**

———— पृष्ठ ७ मा

# सभामुख नबन्दै सापकोटालाई संकट

काठमाडौं । सभामुख नहुँदा संसद वैठक नै स्थगित हुँदै आएको अवस्थामा आज सभामुख पदमा निर्वाचन हुँदैछ । सत्तारुढ दल नेकपाबाट सभामुखका उम्मेदवार अग्निप्रसाद सापकोटा निर्वाचित हुने निश्चित भएको छ । सभामुखमा उनको मात्रै उम्मेदवारी परेकाले आज बस्ने वैठकले उनलाई निर्वाचित घोषित गर्ने छ । तर विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय मावनअधिकारवादी संघसंस्था, वुद्धिजीवी लगायत सर्वसाधारणले समेत हत्याको अभियोगमा किटानी जाहेरी सहित मुद्दा खेपिरहेका व्यक्तिलाई सभामुख बनाउँदा संविधान र कानूनको उल्लंघन हुने भन्दै विरोध जनाएका छन् ।

केही संघसंस्थाले उनका विरुद्धमा सार्वजनिक रुपमा प्रदर्शन गरेका छन् भने अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्थाहरुले विज्ञप्ति प्रकाशित गरि आपत्ति जनाएका छन् । त्यस्तै सापकोटालाई सभामुख पदमा निर्वाचित नगराउन र तत्काल पक्राउ गर्न माग गर्दै सर्वोच्च अदालतमा रिट पनि परेको छ ।

१० वर्षे द्वन्द्वका बेला मारिएका मानिसहरु मध्ये पाँच हजार मानिसको हत्याको जिम्मा आफूले लिन्छु भन्ने पुष्पकमल दाहालका प्रियपात्र समेत रहेका र व्यक्ति हत्याको आरोपमा मुद्दा खपिरहेका सापकोटा सभामुख पदमा निर्वाचित हुँदा त्यसले प्रजातान्त्रिक मूल्य मान्यता कुन्ठित हुने विभिन्न विश्लेषकहरुले समेत उल्लेख गरेका छन् ।

२०६२ साल वैशाख १६ गते काभ्रेमा अर्जुन लामाको हत्या भएको थियो । उनको हत्यामा संलग्न भएको आरोप लगाउँदै सापकोटा सहित ६ जना विरुद्ध लामाकी पत्नी पूर्णिमायाले किटानी जाहेरी दिएकी थिइन् । सर्वोच्च अदालतले समेत कारवाहीको आदेश दिएको र पक्राउ पुर्जी जारी गरेपछि सापकोटालाई दोषबाट मुक्त हुन गाह्रो भएको थियो । तर बाबुराम भट्टराई नेतृत्वको सरकारले सापकोटाविरुद्धको जाहेरी दर्खास्त तामेलीमा राख्ने निर्णय गरेपछि मुद्दा स्थगित भएको थियो ।

मन्त्रिपरिषद्को निर्णयविरुद्ध लामाकी पत्नी पूर्णिमायाले सर्वोच्च अदालतमा रिट दर्ता गरिन् भने २०६९ मंसिर ११ गते न्यायाधीश वैद्यनाथ उपाध्यायको इजलासले सरकारको आदेश तामेल नगर्न अन्तरिम आदेश जारी गर्‍यो । त्यस्तै २०७० असार १९ गते सुशीला कार्की र तर्कराज भट्टको इजलासले मिसिल झिकाउन आदेश दिँदै मुद्दालाई सम्वैधानिक इजलासमा ल्याएको थियो । २०७६ माघ २२ गते सो मुद्दा सम्वैधानिक इजलासमा पेशीमा जाने बताइएको छ ।

संविधानले फौजदारी मुद्दा लागेको व्यक्तिलाई राजनीतिक वा कुनै पनि सार्वजनिक पदमा नियुक्त हुन मान्दैन । तर १० वर्ष पहिले हत्या र अपहरणको

बाँकी अन्तिम पृष्ठमा



## पुनर्विचार गर्न अन्तर्राष्ट्रिय अधिकारवादी संस्थाको अपिल

AMNESTY INTERNATIONAL · HUMAN RIGHTS WATCH · icj International Commission of Jurists · TRIAL International

काठमाडौं । सरकारद्वारा चालिएका पछिल्ला कदमहरूले नेपालको सङ्क्रमणकालीन न्याय प्रक्रियामा गम्भीर धक्का पुर्‍याएको अन्तर्राष्ट्रिय मानवाधिकारवादी संघ-संगठनले जनाएका छन् ।

इन्टरनेसनल कमिसन अफ जुरिस्ट (आइसिजे), एम्नेस्टी इन्टरनेसनल, ह्युमन राइट्स् वाच र ट्रायल इन्टरनेसनलले विज्ञप्ति निकालेर पर्याप्त परामर्श नगरिकन र सर्वोच्च अदालतको आदेश तथा अन्तर्राष्ट्रिय मानवअधिकार कानुनअनुरुप हुनेगरी विद्यमान कानुनी संरचनालाई संशोधन नगरी सङ्क्रमणकालीन न्यायका दुई आयोगहरूमा आयुक्तहरू नियुक्त गर्ने सरकारको निर्णयप्रति यी संस्थाहरूले चासो व्यक्त गरेका हुन् ।

'द्वन्द्व कालमा भएका गम्भीर

बाँकी पृष्ठ २ मा

## सापकोटालाई सभामुख नबनाउन सर्वोच्चमा रिट

काठमाडौं । सांसद अग्नि सापकोटालाई सभामुखमा निर्वाचित नगर्न माग गर्दै सर्वोच्च अदालतमा रिट परेको छ । वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले सापकोटालाई सभामुख निर्वाचित नगर्न र तत्काल गिरफ्तार गर्न माग गर्दै शुक्रबार सर्वोच्च अदालतमा रिट दायर गरेका हुन् ।

काभ्रेका अर्जुन लामा हत्याको अभियोग लागेका सापकोटाविरुद्धको मुद्दा सर्वोच्च अदालतको संवैधानिक इजलासमा विचाराधीन रहेको अवस्थामा नेकपाले सभामुख उम्मेदवार बनाएको भन्दै त्रिपाठीले 'सभामुख पदमा निर्वाचित गर्न जारि भएको सम्पूर्ण प्रक्रिया तत्काल रोकी पाउ तथा निजलाई सभामुख पदमा निर्वाचित नगर्नु भनि आदेश समेत जारि गरि पाउँ' भन्ने माग गरेका छन् ।

वरिष्ठ अधिवक्ता त्रिपाठीद्वारा दर्ता गरिएको रिटमा भनिएको छ-

सत्तारुद नेपाल कम्युनिष्ट पार्टी ( ने.क.पा) ले सिन्धुपाल्चोक क्षेत्र १ बाट

बाँकी पृष्ठ २ मा

## को होला अबको आईजी ?

काठमाडौं । नेपाल प्रहरीका आईजीपी सवेन्द्र खनालले माघ २९ बाट अवकाश पाउने भएपछि अबको आईजीपी को होला भन्ने कौतुहलता पैदा भएको छ । आईजीपी बन्न दौडधुप शुरु भइसकेको छ । अस्वस्थ प्रतिस्पर्धाले राजनीतिक दवाव थपिने र उच्च तहमा पुग्न राजनीतिक शक्तिको आड चाहिन्छ भन्ने मानसिकता विकसित हुने प्रहरीका पूर्व अधिकृतहरु बताउँछन् ।

सर्वेन्द्र खनालले माघ २९ बाट अवकाश पाउने भएकाले र तीन जना एआईजी पुष्कर कार्की, ठुले राई र धिरु बस्नेत पनि एकै पटक अवकाश हुने भएकाले हालका डीआइजीहरुबाट आईजीपी बनाउनु पर्ने अवस्था आएको छ ।

अवकाश पाउन लागेका एआईजीहरु खनालकै व्याचका हुन् । आईजीपी र तीन एआईजीसँगै १८ जना डीआईजीले सेवाबाट अवकाश

बाँकी अन्तिम पृष्ठमा

## आयोगका पदाधिकारीप्रति पीडितहरुको असन्तुष्टि

काठमाडौं । सत्यनिरुपण तथा मेलमिलाप आयोग र वेपत्ता पारिएका व्यक्तिको छानविन आयोगमा द्वन्द्वपीडितहरुको उचित प्रतिनिधित्व नभएको भन्दै पीडितहरुले असन्तुष्टि व्यक्त गरेका छन् । राजनीतिक सहमतिका आधारमा पीडक पक्षकै प्रतिनिधित्व गराइएको भन्दै द्वन्द्वका पीडितहरुले असन्तुष्टि जनाएका हुन् ।

सरकारले सत्यनिरुपण तथा मेलमिलाप आयोगको अध्यक्ष र वेपत्ता पारिएका व्यक्तिहरुको छानविन आयोगको अध्यक्षमा क्रमशः डा. गणेशदत्त भट्ट र युवराज सुवेदीलाई नियुक्त गरेको छ । सत्यनिरुपण आयोगमा वरिष्ठ अधिवक्ता प्रचण्डराज श्रेष्ठ, वरिष्ठ अधिवक्ता गोविन्द गौतम, अधिवक्ता मन दाहाल र अधिवक्ता विष्णु पोखरेल रहेका छन् । दाहाल र पोखरेल महिला कोटाबाट परेको बताइएको छ ।

बाँकी अन्तिम पृष्ठमा

## 'संस्थागत भ्रष्टाचार बढ्यो'

बुटवल । प्रतिनिधिसभा सार्वजनिक लेखा समितिका सभापति भरतकुमार शाहले नेपालमा संस्थागत भ्रष्टाचार बढ्दै गएको बताएका छन् । बुटवलमा रिपोर्टर्स क्लव प्रदेश ५ ले गरेको साक्षात्कारमा शाहले राज्य नै संस्थागत भ्रष्टाचारमा लाग्दा भयावह अवस्था आउन लागेको समेत चेतावनी दिएका छन् ।

सरकारले भ्रष्टाचार कम गर्ने नारा मात्रै भट्टाउने तर व्यबहारमा त्यसको उल्टो भइरहेको तर्क गदै शाहल भने 'हामी प्रहरी, अख्तियार होइनौं, कारबाही गर्न पनि हामीले मिल्दैन तर कहाँ अनियमितता भएको छ खोज्छौं यथार्थ तथ्य सहित कारबाहिका लागि सिफारिस गर्छौं ।'

अदालत, वाइडबढी, एनसेल, गोकर्ण रिसोर्ट, बालुवाटारलगायतका काण्डमा छानबिन भइरहेको र कतिपय काण्डमा आफूहरुले गरेको निश्कर्ष नै अन्तिम भएको बताए ।

शाहले समय आएपछि सबै कुरा

बाँकी अन्तिम पृष्ठमा

## काँग्रेसको भित्रको बिवाद केही मत्थर पार्टीमा नयाँ रक्तसंचार भएको दावी

काठमाडौं । आगामी महाधिबेशनको कार्यतालिकाको बिषयमा केन्द्रित रहेर नेपाली काँग्रस भित्र उत्पन्न बिवाद लामो समयको अन्तराल पछि केही मत्थर हुने संकेत देखा परेको छ । सभापति शेरबहादुर देउवाले तरुण दलको म्याद थप र १८ वटा नयाँ केन्द्रिय बिभागको गठन बहुमतको आधारमा केन्द्रिय समितिको बैठकबाट गरेपछि काँग्रेस भित्रको बिवाद सतहमा आएको थियो ।



सभापति देउवाले बरिष्ठ नेता रामचन्द्र पौडेल र पुर्व महामन्त्री कृष्ण प्रसाद सिटौला समुहले गरेको केन्द्रिय समितिको बैठक बहिस्कारका बावजुत पनि एकलौटी ढंगबाट बिभिन्न निर्णय गराएपछि पार्टीभित्रको आन्तरिक बिवादले यति ठुलो रुप लियो कि पार्टी नै बिभाजन हुने होकी भन्ने आंशका समेत जन्माएको थियो ।

संसदमा प्रमुख प्रतिपक्षी दलको प्रमुख नेता समेत रहेका सभापति रहेका देउवा बर्तमान कम्युनिष्ट सरकाले गरेका कमी कमजोरीलाई समेत बेवास्था गरेर र त्यसको प्रतिवादमा उत्रन नसकिरहेकोमा आलोचित

बाँकी अन्तिम पृष्ठमा

## 'खड्गप्रसादको पिंजडामा पुष्पकमल !'

काठमाडौं । नेकपाका अध्यक्ष पुष्पकमल दाहालले संघीय समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवलाई नेकपासँग एकीकरण गर्न आग्रह गरेका छन् । बिहीबार आफ्नै निवासमा समाजवादीका विभिन्न नेता, कार्यकर्तालाई नेकपामा प्रवेश गराउँदै दाहालले बाबुराम भट्टराईदेखि अशोक राई समेत निरीह भएको कुरा साथीहरुबाट सुन्दा सत्य नै होला जस्तो लाग्यो भनेका थिए । तसर्थ उपेन्द्र यादवले पनि एउटै चुलोमा भातभान्सा चलाउँदा राम्रो हुन्छ भन्ने उनको भनाइ थियो ।

प्रचण्डको त्यो भनाइप्रति उनका पूर्व सहकर्मी समेत रहेका डा. बाबुराम भट्टराईले चोटिलो व्यंग्य गरेका छन् । उनले सामाजिक सञ्जाल ट्वीटमा लेखेका छन् "पंचतन्त्रको 'कंकड लुब्ध पान्थ कथा' मा शिकार गर्न नसक्ने बुढो बाघले हातमा



सुनको बाला लिएर वटुवाको शिकार गरेझैं आफै खड्गप्रसादको पिंजडामा फसेर छट्पटाइरहेका पुष्पकमलले हामीलाई पनि पिंजडामा आउन आग्रह गरेछन् ! आफै त महादेव उत्तानो टाँग, कसलाई दिने वर ... ?'

समाजवादी पार्टीका सहायक प्रवक्ता रामप्रसाद रिजालसहित ४२ जना नेकपामा प्रवेश गरेका थिए । नेकपा अध्यक्ष दाहालले रिजालसहितका नेता कार्यकर्तालाई नेकपामा स्वागत गरेका थिए ।

बाँकी अन्तिम पृष्ठमा

## मिनी संसदको निर्देशन किन हुँदैन पालना ?

काठमाडौं । संसदभित्रको मिनी संसद भनिने संसदीय समितिले वितेका १८ महिनामा झण्डै पाँच सय वटा निर्देशन दिएर सरकारलाई सचेत गराउन खोजेपनि त्यसको पालना नभएको गुनासो आइरहेको छ । समितिहरुले अनावश्यक निर्देशन दिन नहुने सरकार निकटस्थहरुको तर्क छ ।

छाउपडी गोठ उन्मुलन गर्नेदेखि लिएर सासना विषयमा पनि सरकारलाई यो गर, त्यो गर भन्दै निर्देशन दिने त्यस्ता समितिहरु आफ्नो भूमिका भन्दा बाहिर जान खोजेको सरकारको आरोप छ । महिला तथा सामाजिक समितिदेखि लिएर राज्यव्यवस्था तथा सुशासन समितिले

बाँकी अन्तिम पृष्ठमा

## राष्ट्रियसभामा नेकपाको ८५ प्रतिशत हिस्सा

काठमाडौं । राष्ट्रिय सभाको निर्वाचनमा सत्तारुढ दल नेकपाका १६ जना र राजपा २ सिटमा विजयी भएका छन् । प्रदेश २ मा नेकपा र राजपाबीच गठबन्धन भए पनि अन्य प्रदेशमा नेकपाले एकल निर्वाचन जित हात पारेको हो ।

निर्वाचन आयोगका अनुसार विहीबार भएको राष्ट्रिय सभा सदस्य निर्वाचनको मतगणनाबाट महिला, दलित, अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यक र अन्य

बाँकी अन्तिम पृष्ठमा

## सीमा विवाद अन्त्य गर्न ओलीको आग्रह, मोदीको मौनता




काठमाडौं । प्रधानमन्त्री केपी ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीच भिडियो कन्फरेन्स मार्फत सम्वाद हुँदा दुई देशका विषयलाई सम्वाद मार्फत नै टुंगो लगाउन सहमति जनाएका छन् । मोरङमा एकीकृत भन्सार जाँच चौकीको उद्घाटनका क्रममा उनीहरुवीच सम्वाद भएको हो ।

कालापानी, लिपुलेकलगायतका सीमा क्षेत्रका विवादलाई इंगित गर्दै प्रम ओलीले त्यसलाई प्राथमिकता दिन आग्रह गरेका थिए । तर मोदीले त्यसमा स्पष्ट नबोले पनि आउँदा दिनमा सहकार्य गर्दै जाने र छिमेकीलाई उच्च

बाँकी अन्तिम पृष्ठमा

## सभामुख...

मुद्दामा किटानी जाहेरी परेर मुद्दा चलिरहेका व्यक्तिलाई राजनीतिक दवाव र प्रभावको भरमा सभामुख पदमा राख्दा विभिन्न प्रश्न उठ्ने देखिएको छ ।

हत्याको अभियोगमा मुद्दा खेपिरहेका व्यक्तिलाई सभामुख बनाउँदा राष्ट्रकै छवि अन्धकारमय हुने मानवअधिकारवादीहरुको तर्क छ । मानवअधिकारवादीहरुले अन्तर्राष्ट्रिय कानून र प्रचलित मूल्यमान्यताविरुद्ध अपराधी पृष्ठभूमिका व्यक्तिहरुलाई उच्च पदमा पुर्‍याउन नहुने तर्क गरेका छन् । नेकपाका अध्यक्ष पुष्पकमल दाहालले अडान लिएर अग्नि सापकोटालाई सभामुख बनाउनुपर्ने कुरा पार्टीमा राखेका थिए भने सभामुख पदमा उम्मेदवारी दिँदा सुवास नेम्वाङले प्रस्तावक भएर सद्भावना राखेकोमा त्यसको पनि आलोचना भएको छ ।

राष्ट्रिय मावनअधिकार आयोगका पूर्व सदस्य कपिल श्रेष्ठ भन्छन्, 'हामीले अपराधी पृष्ठभूमिका मानिसलाई सभामुख बनाउनु हुँदैन भनेर सत्तारुढ दललाई घच्घच्याएका थियौ, तर हाम्रो कुरा सुनिएन ।'

केही दिनअघि काठमाडौंको माइतीघरमा भेला भएका मानवअधिकारवादीलगायत विभिन्न व्यक्तिले सापकोटालाई सभामुख बनाउन नहुने विचार व्यक्त गर्दै प्रदर्शन गरेका थिए । उनीहरुले विवादास्पद छविका सापकोटालाई सभामुख बनाउँदा आउँदा दिनहरुमा अन्तर्राष्ट्रिय समुदायमा समेत नकारात्मक प्रचार हुने चेतावनी दिएका छन् ।

शान्ति प्रक्रियामा तत्कालिन माओवादी विद्रोहीले हस्ताक्षर गर्दा ६ महिना भित्र सत्यनिरुपण तथा मेलमिलाप आयोग बनाएर पुराना मुद्दा टुंगो लगाउने भनिएको थियो । तर आजसम्म आयोगले आफ्नो २० प्रतिशत काम पनि टुंग्याएको देखिदैन ।

सापकोटाविरुद्धको मुद्दालाई माओवादीले 'द्वन्द्वकालिन' भनेको छ । प्रहरी र अदालतले सो मुद्दा राजनीतिक नभएकाले विशुद्ध अपराध देखिएको ठहर गरेको छ । यसबारे अन्तिम फैसला माघ २२ गते हुने बताइएको छ भने जस्तो फैसला आएपनि सापकोटा माथि लागेको दाग कुनै दल वा सम्वैधानिक निकायको वासिङ मेसिनले धुने अवस्था देखिदैन ।

सभामुखमा प्रस्तावित नेकपा स्थायी समिति सदस्य सापकोटाले आफू लामाको हत्यामा संलग्न नभएको र उनलाई नचिनेको समेत दावी गरेका छन् । आफूलाई झुटो आरोप लगाइएको दावी गर्दै सापकोटा सर्वोच्चमा मुद्दा रहको कुरालाई पनि अस्वीकार गरेका छन् । आफू १० वर्षे युद्धमा होमिएका व्यक्ति भएकाले केही मुद्दा भएपनि त्यो राजनीतिक भएको र त्यसको छिनोफानो सत्यनिरुपण आयोगले टुंगो लगाउने बताएका छन् । त्यस्ता मुद्दा आफूलाई मात्र नभएर धेरै नेतालाइ रहेको तर्क गरेका छन् । उनले आफूले सभामुख पदमा वहाल भएपछि संसदको गरिमा उच्च बनाउने प्रतिज्ञा गरेका छन् । २०३५ सालदेखि राजनीतिमा सक्रिय रहेकाले आफूले जनता र पार्टी दुवैको मर्म बुझेको सापकोटाको दावी छ ।

## आयोगका...

त्यस्तै वेपत्ता पारिएका व्यक्तिहरुको छानविन आयोगको अध्यक्षमा युवराज सुवेदी र सदस्यहरुमा वरिष्ठ अधिवक्ता विश्वप्रकाश भण्डारी, अधिवक्ता गंगाधर अधिकारी, अधिवक्ता सुनिल रञ्जन सिंह र अधिवक्ता सरिता थापा मगर छन् ।

सत्तारुढ दल नेकपा र विपक्षी दल कांग्रेसको कोटामा परेका व्यक्तिहरुबाट निष्पक्ष छानविन हुन सक्ने सम्भावना न्यून रहेको पीडितहरुको गुनासोछ । २०५२ साल फागुन १ गतेदेखि २०६३ मंसिर ५ गतेसम्म राज्यपक्ष र तत्कालिन नेकपा माओवादीबीच सशस्त्र द्वन्द्व हुँदा मानवअधिकारको गम्भीर उल्लंघन भएको र प्रत्यक्ष र परोक्ष रुपमा द्वन्द्वमा भाग नलिएका हजारौ निर्दोष व्यक्ति मारिएका घटनालाई लिएर आयोगले सत्यनिरुपण गर्नुका साथै वेपत्ता भएका नागरिकहरुका बारेमा किनारा लगाउने विश्वास गरिएको छ ।

पुष्पकमल दाहाल लगायतका कतिपय नेताले द्वन्द्वका बेला माओवादीले कुनै अपराध नगरेको भने पनि हालै आएर आफूले पाँच हजार व्यक्तिको हत्याको जिम्मेवार लिने अभिव्यक्ति दिएपछि दाहालको भनाइ विवादमा परेको छ ।

दुवै आयोगको नेतृत्वलाई विश्वास गर्न नसकिने पीडितहरुको संस्थाका अध्यक्ष भागीराम चौधरीले बताएका छन् । संक्रमणकालिन न्यायालाई टुंगोमा पुर्‍याउन दुई वटा आयोग गठन भए पनि यसले अन्तर्राष्ट्रिय मापदण्ड पूरा नगरेको र आयोगहरु नै राजनीतिक शक्तिका हतियार जस्तो भएको उनको आरोप छ ।

दलीय भागवण्डाका आधारमा आयोगहरु बनाएर जथाभावी गर्दा १० वर्षे द्वन्द्वकालका पीडितहरुले इन्साफ नपाउने उनीहरुको तर्क छ । ऐन नै त्रुटिपूर्ण भएको हुँदा ऐन संशोधन गर्नुपर्ने र आयोगमा पीडितहरुको उचित प्रतिनिधित्व हुनुपर्ने माग गरिएको छ । यस्तै मानवअधिकारवादी संघसंस्थाहरुले पनि पीडित पक्षलाई वेवास्ता गरिएको आरोप लगाएका छन् । आयोगहरु स्वतन्त्र र निष्पक्ष हुन नसकेको मानवअधिकारवादीहरुको तर्क छ ।

नेपालका मानवअधिकारवादी संघसंस्थाहरु विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थासँग आवद्ध भएकाले त्यस्तो अवस्थामा अन्तर्राष्ट्रिय दवाव समेत पर्न सक्ने देखिन्छ । त्यस्तै वुद्धिजीवीहरुले पनि आयोगको गठनप्रति आलोचनात्मक टिप्पणी गरिरहेका छन् ।

जसलाई इन्साफ दिन आयोग गठन गरिएको हो, उनीहरुलाई नै ओझेलमा पारेर पीडक पक्षको स्वर ठूलो हुने गरी आयोगहरु गठन गर्दा संविधानको मर्म, विधिको शासन र न्याय मर्ने सम्भावना बढेको मानअधिकारवादीहरुको तर्क छ ।

## मिनी...

समेत सरकारको हेडमास्टर जस्तो भएर काम गर्न खोजेको मन्त्रीहरुको गुनासो छ ।

प्रतिनिधिसभामा १० वटा र राष्ट्रिय सभामा चार वटा संसदीय समिति छन् भने दुई वटा संयुक्त समिति पनि छन् । प्रतिनिधिसभा नियमावलीको नियम १७० ले सरकारलाई उत्तरदायि वनाउन र कामकारवाहीको अनुगमन गर्न निर्देशन र राय सल्लाह दिन पाउने भनेको छ । राष्ट्रियसभाको नियम पनि त्यस्तै छ । तर सरकारलाई कस्तो निर्देशन र सुझाव दिने भन्ने कुरामा सांसदहरुले नै गृहकार्य नगर्दा सरकार र समितिबीच तालमेल भएको देखिदैन । यसले समिति र सरकारबीच द्वन्द्व मात्र बढाउने अवस्था देखिएको छ ।

नेपालको मानचित्रलाई आधिकारिक रुपमा सार्वजनिक गर्नुपर्ने देखि लिएर चिनिको मूल्य निर्धारण गर्ने जस्ता कुरा समितिले निर्देशन दिएको पाइन्छ । ससाना विज्ञापनमा पनि प्रतिवन्ध लगाउनुपर्ने भन्दै सरकारलाई ध्यनाकर्षण गराइए पनि त्यसको सुनुवाइ नभएका समितिहरुले गुनासो गरेका छन् । यस्तो अवस्था रहेसम्म संसदीय समिति र सरकार एउटै नदीका दुई किनारा जस्ता भइरहने अवस्था छ ।

## 'संस्थागत..

दूधको दूध र पानीको पानी हुने कुरामा आफू विश्वस्त रहेको बताए । उनले भने, 'अहिले हामी डाटा कलेक्सनमा छौ त्यो काम सकेर छिट्टै सम्पूर्ण विवरण तथ्यसहित सार्वजनिक गर्नेछौं ।'

कांग्रेस नेता शाहले संविधानअनुसार सभामुख र उपसभामुख फरक दल र लिंगको हुनुपर्ने संवैधानिक व्यवस्था भएको भन्दै यतिबेला सत्तारुढ नेकपाको नैतिकता हेर्ने बेला भएको बताए । सूचना प्रबिधि विधयेक संविधान विपरीत र लोकतान्त्रिक व्यवस्थाको खिलाफ, मानव अधिकारविरोधी भएकाले कांग्रेसले पास गर्न नदिने शाहले बताएका छन् ।

## को होला...

पाउन लागेका छन् । यसले गर्दा डीआईजीहरुबाटै आईजीपी छान्नुपर्ने वाध्यता उत्पन्न भएको छ भने ज्येष्ठता, श्रेष्ठता र योग्यतालगायतका गुणहरु हेरेर नयाँ आइजीपी बनाउनु पर्नेमा राजनीतिक दलको निकट मानिने व्यक्तिलाई प्रहरीको नेतृत्व दिँदा राजनीतिकरण बढ्दै जाने आशंका समेत देखिएको छ ।

ठाकुर ज्ञवालीदेखि लिएर तारणी लम्साल समेत आईजीपीका दावेदार देखिएका छन् । सूर्यप्रसाद उपाध्यायले ज्ञवाली र लम्सालसँगै प्रवेश गरेपनि वढुवामा पछाडि परेका थिए । प्रहरी नियमावलीमा रहेको व्यवस्था अनुसार बढुवा गर्दा एआइजी मध्येबाट छान्नुपर्ने हुन्छ । प्रहरी ऐन २०१२ र प्रहरी नियमावली २०७१ ले एआईजी भन्दा तल्लो पदबाट आईजीपी बनाउने कुरा परिकल्पना गरेको छैन । तसर्थ हालका डीआईजीहरुलाई एआईजीमा वढुवा गरेर आइजीपी बनाउनुपर्ने देखिएको छ ।

## 'खड्गप्रसादको...

रिजालले समाजवादी पार्टीले जनचाहनाअनुसार काम गर्न नसकेको र क्षेत्रीय दलको रुपमा आफुलाई सीमित राखेकाले पार्टी परित्याग गरेको बताएका छन् । रिजालसहित खोटाङ, उदयपुर र सुनसरीका दर्जनौं नेता कार्यकर्ता पनि नेकपामा प्रवेश गरेका रिजालले बताएका छन् ।

## राष्ट्रिय सभामा...

समूह गरी १८ नयाँ अनुहार निर्वाचित भएका छन् । १८ रिक्त पदमा ४५ जना चुनावी प्रतिस्पर्धामा थिए । निर्वाचनबाट नेकपाका प्रवक्ता नारायणकाजी श्रेष्ठ पनि पहिलो पटक राष्ट्रिय सभामा निर्वाचित भएका छन् ।

आयोगका अनुसार इन्दिरा देवी गौतम, गोपी बहादुर सार्की आछामी, देवेन्द्र दाहाल, तुलसा कुमारी दाहाल, राधेश्याम पासवान, शेखर कुमार सिंह, मृगेन्द्र कुमार सिंह यादव, गंगा कुमारी बेलवासे, बेदुराम भुसाल, भगवती न्यौपाने, नारायणकाजी श्रेष्ठ, विमला घिमिरे, जग प्रसाद शर्मा, गोपाल भट्टराई, सुमित्रा बिसी, माया प्रसाद शर्मा, शारदा देवी भट्ट र तारामान स्वाँर निर्वाचित भएका छन् ।

बिहीबार भएको १८ सिटको निर्वाचनमा समाजवादी पार्टीले आफ्नो भागको एक सिट पनि गुमाएको छ । पहिलो पटक राष्ट्रिय सभा गठन हुँदा एक तिहाई सदस्यको २ वर्ष कार्यकाल थियो । जसमध्ये कांग्रेसले सात सिटमा सात सिट नै गुमाएको छ ।

अहिलेको अवस्था हेर्दा राष्ट्रिय सभामा सत्तरुढ दलले ८५ प्रतिशत ओगटेको छ । सत्तारुढ दलका ५० जना सदस्य राष्ट्रिय सभामा रहेकोमा आठ जना थपिएका छन् । नवनिर्वाचित राष्ट्रिय सभा सदस्यहरुको कार्यकाल फागुन २० बाट हुन हुनेछ ।

## सीमा...

प्राथमिकता दिने कूटनीतिक जवाफ दिएर पन्छिएका छन् ।

प्रम ओलीले नेपाल भ्रमणको निम्तो दिएपछि मोदीले प्रम ओली र नेपाली जनताको प्रेमले आकर्षित भएर यसै वर्ष नेपाल भ्रमण गर्ने बताएका छन् । दुई देशका बीचमा केही कटुता र असझदारी बढिरहेको अवस्थामा मोदीको भ्रमणमा सीमा विवाद लगायतका जल्दावल्दा विषयले प्राथमिकता पाएको खण्डमा त्यसले कूटनीतिक लाभ हुने देखिन्छ ।

नेपाललाई सहयोग गर्ने विभिन्न राष्ट्रको सुचिमा भारत अग्रणी छ । रक्सौलबाट काठमाडौं जोड्ने त्रिभुवन राजपथ निर्माण गरेर २०१३ सालदेखि नै भारतले नेपालको विकासमा चासो देखाउँदै आएको पाइन्छ ।

हिमाल, पहाड र तराईका विभिन्न भागमा भारतले निर्माण गरेका विभिन्न संरचनाहरु भेटिन्छन् भने कतिपय परियोजनाहरुमा बिसौं वर्षसम्म विलम्व गर्ने प्रवृत्तिले कूटनीतिक विश्वसनीयता समेत गुमाएको देखिन्छ ।

यसैवीच भारतीय सहयोगमा निर्मित एकीकृत जाँच चौकी (आईसीपी) र २०७२ को भूकम्पमा परेर भत्किएका घरहरुको पुनर्निर्माणमा परियोजना नेपाल र भारतका प्रधानमन्त्रीले संयुक्त रुपमा उद्घाटन गरेका हुन् ।

आईसीपी अन्तर्गत भन्सार, अध्यागमन, भण्डारण, पार्किङ र बैंक सम्वन्धी सुविधा राखिएका छन् । १७० विघा क्षेत्रफलमा फैलिएको आईसीपीमा सुविधायुक्त भवनहरु भएको र भैरहवा तथा नेपालगञ्जमा पनि यस्ता भवनहरु बनाउन भारत सहमत देखिएको बताइएको छ ।

यसअघि भदौ २४ गते पनि मोतिहारी-अखलेखगञ्जको ६९.२ किलोमिटर लामो पेट्रोलियम पाइपलाइन विस्तार आयोजनाको उद्घाटनका क्रममा दुई देशका प्रधानमन्त्रीले विद्युतीय सञ्चारमाध्यममार्फत कुराकानी गरेका थिए ।

## कांग्रेसको...

थिए । यही बेलामा उनले पौडेल समुहलाई पनि मनाएर केन्द्रिय समितिको निर्णय गराउनु पर्ने थियो । त्यसमा सभापति देउवा चुकेको भन्दै आलोचना बढिरहेको समयमा उनले पार्टीलाई नै कमजोर पार्ने गरी बहुमतको आडमा एकलौटी निर्णय गर्न पुगेपछि त सभापति देउवाको आलोचना थप चुलियो । पार्टीभित्रको बिवाद मिलाएर संसदमा प्रभावकारी भुमिका खेल्नु भर्ने भएपनि उनी त्यातातिर नलागेर एक्लै हिडन खोजेको भन्दै कार्यकर्ताबाट आलोचिता पनि हुनुपरेको थियो । आन्तरिक रुपमा पार्टीलाई मिलाएर लेजानुको सटट् अनावश्यका बिवाद निकाल्ने काम गरेको भन्दै चारैतिर आलोचना भएपछि उनी अहिले आएर पछि हटन बाध्य भएको बताइएको छ ।

केन्द्रिय समितिमा अल्पमतमा रहेको पौडेल-सिटौला समुहलाई पेलेरै अगाडि बढन खोज्दा उल्टै पार्टी कमजोर हुनपुगेको भन्दै ५० भन्दा बढी जिल्ला सभापतिहरु संघीय राजधानी काठामाडौंमा भेला भएर सभापति देउवाले एकलौटी रुपमा गरेको निर्णयलाई सच्याउन सभापति देउवालाई सुझाव र दवाव दुवै दिएका थिए । उनीहरुले दिएको दवाव, राय सुझाव र पौडेल समुहका नेताहरुको निरन्तरको चर्को दवावपछि अन्तत एकलौटी ढंगबाट गरिएको निर्णयलाई अर्को केन्द्रिय समितिको बैठकबाट सच्याउन तयार भएका हुन । सभापति देउवाबाट यसअघिको निर्णयलाई पुर्नबिचार नगरेसम्म सभापतिसंग छलफल र बहसमा पौडेल पक्षले भाग लिन आनकानी गर्दै आएको थियो । यसबिचमा लामो समयसम्म बरिष्ठ नेता पौडेल समुहसँग पानी बाराबारको स्थितिमा रहेको दुवै समुह अन्तत मिलेर अगाडि बढन तयार भएपछि काँग्रेसमा नयां रक्त संचार भएको दावी नेताहरुले गरेका छन ।

हुन पनि गएको पुस ११ मा भएको केन्द्रिय समितिको बैठकले गरेको महाधिबेशनको कार्यतालिकालाई यथावत राखेर बाँकी सम्पुर्ण निर्णलाई पुर्नबिचार गर्न सभापति देउवा सहमत भएका छन । त्यसका लागि भोली सोमवार केन्द्रिय समितिको बैठक बोलाइएको छ । सो बैठकले सभापति देउवाले पौडेल समहुको उपस्थिति बिना गरिएका निर्णयहरुलाई सच्याइने र आगामी दिनमा मिलेर अगाडि बढनको लागि तयार हुने निर्णय हुने बताएको छ । सभापति देउवाको निवास बुढानीलकण्ठमा गत शुक्रवार भएको सहमतिअनुसार घोषित महाधिबेशनको मिति बाहेक अन्य सम्पुर्ण निर्णयलाई पुर्नबिचार गरी सच्याउनका लागि सभापति देउवा तयार देखिए पछि पौडेल पक्ष पनि सहमतिमा आएको हो । केन्द्रिय समितिको बैठक बहिष्कारबाट शुरु भएको बिवाद अन्तत केन्द्रिय समितिबाट नै मिलन लागेको हो ।


निर्माण जगतमा सम्झनै पर्ने नाम

शशि ट्रेडर्स

कागेश्वरी मनोहरा नपा -१३, मेडिकल चोक, गोठाटार, काठमाडौं




यहाँ धारा, वाथरुम, वोरिङ, टायल, रंगरोगन, फर्निचर फिटिङ साथै निर्माण सम्वन्धी सम्पूर्ण सामानहरू होलसेल तथा खुद्रा मूल्यमा पाइन्छ ।

नोट : गुणस्तरीय सामान विक्री हाम्रो जिम्मेवारी ।

प्रोपाइटर : शंकर आपगाई

मोवाइल नं. : ९८५११९७६७६



शीत-लहरको समयमा चिसोका कारण मानिसको मृत्युसमेत हुनसक्छ त्यसैले:

१. बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउदै न्यानो अवस्थामा राख्ने व्यवस्था मिलाऔं ।
२. चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्त उपचारको लागि जाने बानीको विकास गरौं ।
३. शीत-लहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाऔं । गोठ/टहरामै राखेर पर्याप्त घाास/पराल र दाना दिने व्यवस्था मिलाऔं ।
४. चिसोका कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधी/उपचार गर्न लैजाऔं ।
५. कोठाभित्र आगो बाली तातो पार्दा पर्याप्त भेण्टिलेसनको व्यवस्था मिलाउन नभुलौं ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग







संखुवासभाको स्थानीय कच्चा पदार्थबाट बनेका अल्लोका विभिन्न उत्पादन जस्तै कोट, जुहारी कोट, खाडीको दौरा सुरुवाल, टोपी, पर्स, जुत्ता, चप्पललगायत सम्पूर्ण सामग्री सुपथ मूल्यमा होलसेल तथा खुद्रा उपलव्ध छ ।

प्रोपाइटर, मानबहादुर कार्की, ९८५१०९८७१८

रामलक्ष्मण सप्लायर्स

कागेश्वरी, मनहरा, वीरेन्द्र चोक, काठमाडौं



चलिरहेको रेष्टुरेन्ट विक्रीमा

वौद्धजोरपाटी (पुरानो अरव बैंक) अगाडि चलिरहेको रेष्टुरेन्ट विक्रीमा छ । खरिद गर्न इचछुक महानुभावहरुले सम्पर्क गर्नु होला ।




सम्पर्क नं. ९८४९३३१३०० (रुपक), ९८१५४८५६३६ (राम)



५५ वर्षको साथ, सुख दु:खमा हात







यस सुखद् अवसरमा हामीलाई सधैं आफ्नोपनको आभाष दिने हाम्रा ग्राहकवर्ग, नियमनकारी निकाय, नेपाल सरकार, शेयरधनी एवं सम्पूर्ण शुभेच्छुकहरूमा विशेष धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरूमा अझै ग्राहकमुखी तथा उत्कृष्ट बैंकिङ्ग सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं ।

आफ्नो भनेको आफ्नै हुन्छ

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक
ने.रा.बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था

RBB/DigiPro/2020

राष्ट्रिय वाणिज्य बैंक लि. केन्द्रीय कार्यालय, सिंहदरबारप्लाजा, काठमाण्डौ
फोन: (९७७-१) ४२५-२५९५ । फ्याक्स: (९७७-१) ४२५-२९३१ । इमेल: rbb.info@rbb.com.np
वेबसाइट: www.rbb.com.np

## पुनर्विचार...

मानवअधिकार उल्लङ्घनहरूमा न्याय र जवाफदेहीता सुनिश्चत गर्नका लागि एउटा पारदर्शी प्रकृयाको आवश्यकता पर्दछ भन्ने कुराको नेपालका राजनीतिक नेताहरूलाई ज्ञान छ, तर उहाँहरू यस्ता ज्यादतीमा जिम्मेवारहरूलाई संरक्षण गर्ने प्रयत्न गरिराख्नुभएको छ,' ह्युमन राइट्स् वाचकी दक्षिण एसिया निर्देशक मिनाक्षी गाङ्गुलीले भनिन्, 'यदि राजनीतिक नेतृत्वले जवाफदेहीताबाट यसरी नै पन्छि राख्ने हो भने यसले पीडितका सामू देश बाहिरका अदालतहरू जानु भन्दा अर्को विकल्प रहने छैन ।'

सत्य निरूपण तथा मेलमिलाप आयोग र बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन आयोगका आयुक्तहरूको नाम सिफारिसका लागि सरकारद्वारा गठित पाँच सदस्यीय समितिले गत माघ ४ गते आफ्नो मनोनयन सरकारलाई बुझाएको थियो । नेपालको अन्तर्राष्ट्रिय दायित्वसँग मेल खाने गरी र पीडितका सरोकारहरूलाई सम्बोधन गर्ने गरी पहिला सङ्क्रमणकालीन न्यायसम्बन्धी कानुनी ढाँचालाई संशोधन गर्न पीडित सुमदाय र नागरिक समाजद्वारा हुँदै आएको लामो समयदेखिको मागका बाबजुत पनि समितिले नाम सिफारिस गरेको थियो ।

यसको अतरिक्त पौष २८ मा कानुन, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयले हतारहतारमा सङ्क्रमणकालीन न्याय कानुनसम्बन्धी तीन घण्टे प्रदेशस्तरीय परामर्शहरू गर्‍यो । उक्त परामर्शमा पीडित र नागरिक समाजको अर्थपूर्ण सहभागिताका लागि निकै कम समय थियो । 'यसरी हतारमा र गोप्य ढङ्गका परामर्शहरू गर्नका लागि सरकारद्वारा भएको उक्त निर्णयले पीडित र नागरिक समाजको लामो समयदेखिको मागलाई उचित सम्मान गर्न सकेको छैन,' आइसिजेका एसिया प्यासिफिक निर्देशक फ्रेडरिक रवास्कीले भने, 'सरकारको यो कदमले पीडित मैत्री र मानवअधिकार सङ्गत प्रकृयालाई समर्थन गर्ने भनी राजनीतिक नेतृत्वले भन्ने गरेको भनाइलाई गम्भीरताका रूपमा लिन एकदमै कठिन भएको छ ।'

पीडित समुदाय र मानवअधिकार सङ्गठनहरूले यो नियुक्ति र परामर्शलाई इन्कार गरेका छन् र यस्तो अपारदर्शी र परामर्शविहीन तथा पीडितको सत्य, न्याय र परिपूरणको अधिकारलाई कमजोर पार्ने सङ्क्रमणकालीन न्याय प्रकृयालाई समर्थन नगर्ने कुरा दोर्‍होयाएका छन् । यसका अलावा नेपाल कम्युनिस्ट पार्टी (नेकपा)ले आफ्नो सचिवलाय बैठकबाट यो हप्ताको सुरूमा सङ्घीय संसदको सभामुखका रूपमा अग्नि सापकोटालाई उम्मेदवार बनायो । संसदका सदस्य तथा नेकपाका स्थायी कमिटी सदस्य सापकोटामाथि २०६२ सालमा भएको काभ्रेका अर्जुन लामाको अपहरणपछिको हत्यामा जिम्मेवार रहेको आरोप रहेको छ । यो मुद्दा सर्वोच्च अदालतमा विचाराधिन अवस्थामा छ । 'पूर्ण र स्वतन्त्र अनुसन्धान नभइन्जेलसम्मका लागि नेकपाले संसदको सभामुखका रूपमा सापकोटाको मनोनयनलाई पुनर्विचार गर्नुपदर्छ,' ती संस्थाहरूले भनेका छन् ।

'मानवअधिकार ज्यादतीका घटनामा अनुसन्धानको क्रममा रहेका व्यक्तिहरूलाई सो अनुसन्धानमाथि नै हस्तक्षेप गर्नेगरी नेपालका अधिकारीहरूले उनीहरूलाई उच्च ओहोदामा मनोनयन गर्न हुँदैन,' ट्रायल इन्टरनेसनलका कार्यक्रम व्यवस्थापक अड्रि ओट्लीलले भनिन्, 'यस्ता नियुक्तिहरू द्वन्द्वकालीन मानवअधिकार ज्यादतीका पीडकहरूलाई जवाफदेही बनाउनमा सरकारद्वारा एउटा सामान्य प्रतिबद्धता देखाउन पनि अनिच्छा गरिएको कुराको थप उदाहरण हो ।'

२०६४ फाल्गुन २७ मा सर्वोच्च अदालतले प्रहरीलाई अर्जुन लामाको अपहरणपछिको हत्या घटनामा सापकोटाको विरुद्ध मुद्दा दर्ता गर्न र अनुसन्धान अघि बढाउन आदेश जारी गरेको थियो । प्रहरीले उक्त आदेशलाई मानेन । सन् २०१० मा अस्ट्रेलिया र अमेरिकाले सापकोटा विरुद्धका गम्भीर मानवअधिकार उल्लङ्घन आरोपको कारण देखाउँदै प्रवेशाज्ञा जारी गरेका थिएनन् ।

२०६८ वैशाखमा सापकोटालाई सूचना तथा सञ्चार मन्त्रीमा नियुक्ति गरिँदा संयुक्त राष्ट्रसङ्घको मानवअधिकार उच्चायुक्तको कार्यालयले चासो व्यक्त गर्दै विज्ञप्ति जारी गरेको थियो । सो विज्ञप्तिले कुनै पनि उच्च सार्वजनिक पदमा नियुक्त गर्नु पूर्व सम्बन्धित व्यक्तिउपर परेका उजुरीहरूको पूर्ण अनुसन्धान प्रकृयाबाट उक्त व्यक्ति पूर्णतया दोषमुक्त प्रमाणित गर्ने जिम्मेवारी राज्यको रहेको जनाएको थियो ।

आइसिजे, एम्नेस्टी इन्टरनेसनल, ह्युमन राइट्स् वाच र ट्रायल इन्टरनेसनलले सङ्क्रमणकालीन न्याय संयन्त्रका लागि पटक-पटक चासो व्यक्त गरेका छन् । प्रभावकारी सङ्क्रमणकालीन न्याय प्रणालीका लागि अन्तर्राष्ट्रिय कानुन र असल अभ्यासअनुरुपको बलियो कानुनी जग र द्वन्द्वपीडितहरूको चासोहरूलाई सम्बोधन गर्ने राजनीतिक इच्छाशक्ति आवश्यक पर्दछ अन्तर्राष्ट्रिय मानवअधिकारवादी संस्थाहरूले भनेका छन् ।

## सापकोटालाई...

प्रतिनिधि सभा निर्वाचित भएका अग्नि सापकोटा सापकोटा अहिले पनि कर्तब्य ज्यान जस्तो गम्भीर मुद्दामा काभ्रे प्रहरीको छानबीनमा परेका रहेका व्यक्ति हुन् । सापकोटाबिरुद्ध अर्जुन लामाको कर्तब्य ज्यान मुद्दामा काभ्रे प्रहरीमा जाहेरी दरखास्त परेको छ एवं काभ्रे प्रहरीले निजको निरन्तर खोजतलास गरिरहेको जनाएको छ । निज अग्नी सापकोटा विरुद्ध काभ्रे जिल्लाका अर्जुन बहादुर लामालाई २०६२ साल वैशाख १६ गते श्रीकृष्ण मावि दाप्चामाको अभिभावक भेला स्थलबाट अपहरण गरी बेपत्ता बनाई सोही सालको श्रावण महिनाको तेश्रो हप्तातिर मृतक आफैलाई नै खाडल खन्न लगाई जिवितै सो खाडलमा पुरी हत्या गरेको सम्बन्धमा मृतक अर्जुन लामाकी श्रीमती पर्णिमाया लामाले २०६४ सालमा काभ्रे जिल्ला प्रहरी कार्यालयमा कर्तव्य ज्यानसम्बन्धी मुद्दाको जाहेरी लिई गएकी थिइन् । प्रहरीद्वारा उक्त जाहेरी दर्खास्त दर्ता गर्न निरन्तर इन्कार गरे पश्चात सम्मानित सर्वोच्च अदालतद्वारा मिति २०६४ फाल्गुन २२ गते परमादेशको आदेश आदेश जारि गरे पछि मात्रै जिल्ला प्रहरी काभ्रेले उक्त जाहेरी दर्ता गरेको हो । र साथै निज अग्नि सापकोटा बिरुद्ध काभ्रे प्रहरीले पक्राउ पुर्जी समेत जारि गरि जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोक, इलाका प्रहरी कार्यालय कात्तिके देउराली र श्यामपाटी प्रहरी चौकीमा पटकपटक पत्र लेखी निज सापकोटालाई उपस्थित गराउन पत्रचार गरेको थियो । तर, पक्राउ गर्न खटिएका प्रहरी कर्मचारीले निज फेला नपरेको प्रतिवेदन दिएका थिए । यसै सम्बन्धमा बाबुराम भट्टराई नेतृत्वको मन्त्रिपरिषद्द्वारा निज बिपक्षी बिरुद्दको जाहेरी दर्खास्तलाइ 'तामेली' मा राख्ने निर्णय गर्यो । तत्कालिन मन्त्रिपरिषद्को निर्णय विरुद्ध २०६९ मंसिर ७ साम्मनित सर्वोच्च अदालतमा रिट दर्ता भए पश्चात सो रिटमा मिति २०६९/८/११ गते कारण देखाउ आदेश जारि हुनुका साथै मन्त्रिपरिषद्को उक्त निर्णय कार्यान्वयन नगर्न अन्तरिम आदेश समेत जारि भएको थियो । उक्त रिट सम्मानित सर्वोच्च अदालतमा हाल सम्म विचाराधीन रहेको छ ।

गम्भीर अपराधको अनुसन्धान प्रक्रियामा रहेका निजलाई सभामूख जस्तो अत्यन्त गरीमामय पदमा राजनीतिक दल हरुले उम्मेदवार बनाउनु लोकतन्त्रको मन्दिरको रूपमा रहेको संसद्को घोर अपमान हो । संसदले राष्ट्रको आत्मालाइ बाणी प्रदान गर्दछ । यो नागरिकहरुको लोकतान्त्रिक प्रतिनिधित्वको सबै भन्दा सशक्त तथा प्रभावकारी माध्यम हो । संसद्को छाबि धुमिल हुनु भनेको राष्ट्रको छबि नै धुमिल हुनु हो । तसर्थ प्रतिनिधि सभाको सभामूका पदमा कर्तब्य ज्यान जस्तो मुद्दाको अनुसन्धान वा छानबीनको प्रक्रियामा रहेको व्यक्तिलाइ सभामूक बनाइनु सर्वथा गैरकानूनी, बदनियतपूर्ण, गैरसंबैधानिक तथा लोकतन्त्र तथा विधिको शासनको आधारभूत मूल्य र मान्यता बिपरित रहेकोले सो सम्बन्धि कानूनी उपचार तथा सो लाइ बदर माग गर्न सम्मानीत अदालतको शरण पर्न वाध्य भएको छु ।

**रिटमा निम्न माग गरिएको छ –**

-अग्नि सापकोटालाई सभामुख पदमा निर्वाचित गर्न जारि भएको सम्पूर्ण प्रक्रिया तत्काल रोकी पाउ तथा निजलाई सभामूख पदमा निर्वाचित नगर्नु भनि आदेश समेत जारि गरि पाउँ

- सापकोटालाई सभामुख पदमा निर्वाचित गर्न जारि सम्पूर्ण प्रक्रिया उत्प्रेषणको आदेश द्वारा बदर गरि पाउँ

- सापकोटा बिरुद्ध जाहेरी दर्खास्तमा माग भए बमोजिम कर्तब्य ज्यान मुद्दाको प्रभावकारी अनुसन्धानको लागि तत्काल गिरफ्तार गर्ने नेपाल प्रहरी लगायत सम्बन्धित निकायका नाममा आदेश जारि पाउँ

-यो अत्यन्त गम्भीर प्रकृतिको मुद्दा भएकोले यसको अनुसन्धानको निगरानी एवं सहजीकरणका लागि नेपाल प्रहरी एवं अन्य सम्बन्धित निकायहरुको समन्वयमा एउटा शक्ति सम्पन्न, उच्च स्तरीय विशेष कार्य दल ('स्पेसल टास्कफोर्स') को गठन गरि पाउँ

- सो अनुसन्धानको प्रगति बिवरण सम्मानित अदालतमा प्रस्तुत गर्ने समेत बन्दोबस्त मिलाई पाउँ

# वाणिज्य बैंकहरु गुणस्तरियताको बाटोमा लाग्नुपर्छ : अर्थमन्त्री खतिवडा

## राष्ट्रिय वाणिज्य बैंक आधुनिक भएको सिइओ श्रेष्ठको दाबी




काठमाडौं । राष्ट्रिय वाणिज्य बैंकको ५५ औं वार्षिकोत्सव विभिन्न कार्यक्रम गरि मनाएको छ । वार्षिकोत्सका अवसरमा शुक्राबार आयोजित कार्यक्रमका प्रमुख अतिथि अर्थमन्त्री डा. युवराज खतिवडाले वाणिज्य बैंकहरुलाई मर्जरमा जान सुझाव दिएका छन् । मर्जरमा जान चाहने बैंकहरुलाई आवश्यक परे अन्य सुविधा दिन पनि सरकार तयार रहेको वताउँदै मन्त्री खतिवडाले अझै पनि बैंकहरुले आफ्नो व्यवसाय मिल्ने अथवा स्वामित्वमा मिल्ने व्यवसायिक घरानाहरुले बैंक मर्जरमा जान सुझाव दिए ।

बैंकहरुको अबको बाटो सुदृढीकरणतर्फ अगाडि बढ्नुपर्ने भन्दै मन्त्री खतिवडाले संख्यात्मक विस्तारलाई भन्दा गुणस्तरियताको बाटोमा लाग्नुपर्ने बताएका छन् ।

कार्यक्रममा नेपाल राष्ट्र बैंकका डेपुटी गभर्नर चिन्तामणी शिवाकोटीले नेपालको आर्थिक विकासमा बैंकले खेलेको भूमिकाको सराहना गर्दै अन्य वाणिज्य बैंकहरुको तुलनामा राष्ट्रिय वाणिज्य बैंक अग्रणी रहेको बताए ।

वार्षिकोत्सव कार्यक्रममा बोल्दै वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठले नाफा गर्ने बैंकहरुमध्ये वाणिज्य बैंक एक नम्बरमा आउन सफल भएको बताए । बैंक पूर्ण रुपमा आधुनिक भएको वताउँदै सिईओ श्रेष्ठले बैंकले २ अर्ब ५ करोड रुपैयाँ नाफा आर्जन गर्न सफल भएको बताए ।

प्रमुख कार्यकारी अधिकृत श्रेष्ठले लामो समयदेखि नधुल्याइएका पुराना कागजपत्रहरु धुल्याउने काम सम्पन्न गरेको बताए । बैंकले पुराना फर्निचरहरु, गाडी तथा सरसामानहरु लिलाम बिक्री गरेर बैंकलाई थप आधुनिक बनाएको दाबी गरे । लामो समयदेखि पेन्डिङमा रहेका हिसाब मिलान कार्यलाई कार्यदल बनाएर राफसाफ गर्ने गरी काम अगाडि बढाएको बताए ।

बैंकका संचालक समितिका अध्यक्ष निर्मलहरि अधिकारीले बैंकको समग्र स्थितिमा सुधारको लागि चालिएको कदमले बैंकका वित्तीय अवस्था, कार्यपद्धती र सेवाको गुणस्तरमा सुधार भएको जदावी गरेका छन् ।

# सानो हजाम, ठूलो जिम्मेवारी

चितवन । सामान्यतया ८ वर्षीय बच्चा पढ्ने, लेख्ने, हाँस्ने, खेल्ने उमेरको मानिन्छ । उनी पढ्दै छन् तर खेल्ने समय भने उनीसँग छैन । यो उमेरमा ५ जनाको परिवारलाई पाल्ने जिम्मेवारी जंगाली ठाकुर उर्फ विकल्पले पूरा गरेका छन् रे । उनका पिताले भने, -जब मेरो एउटा खुट्टा नचलेर अपांग थिएँ, यसैको सहारामा हामी बाँचियो । त्यो त्यसबेलाको कुरा हो जब ऊ ८ वर्षको थियो, अहिले ऊ १२ वर्ष पुगेको छ । अहिले पनि यसकै आशा र भरोसा छ । हुन त म नक्कली खुट्टा राखेर हिंड्न, चल्न र काम गर्न सक्ने भएको छु तै पनि मैले भन्दा छोराले नै बढी जिम्मेवारी निभाइरहेको छ । उसले बेलैमा यो काममा चासो दिएर नसिकेको भए हाम्रो परिवारको बिचल्ली नै हुने रहेछ ।

वीरगंज महानगरपालिका वडा नं. ५ बिन्दबासिनी टोल हर्सवाका विकल्पले वीरगंजबाट शुरु गरेको हजामयात्रा भक्तपुर हुँदै भरतपुर १६ छहारीचोकमा आइपुगेको छ । यस बीचमा उनले लेडी एण्ड जेन्ट्स दुवैथरी पार्लर ढुक्कले चलाएका छन् । दाह्री कपाल काट्ने, छाँट्ने, मेहंदी लाउने, ब्लिचीङ गर्ने, फेसवास, बडीमसाज, कलर गर्ने, स्ट्रेट गर्ने लगायतका सबै काम गर्न सक्षम भएको उनको दाबीलाई पुष्टि गर्छन् यहाँका ग्राहक । छहारीचोकमा रहेको न्यू ह्याण्डसम लेडीज एण्ड जेन्ट्स पार्लर उनकै सक्रियतामा चलेको छ । जस्तो भन्यो त्यस्तै कट काट्न सक्ने विकल्पको विश्वास छ । एक दिदी एक भाइ र बाउ आमाका भरोसा विकल्प त्यो परिवारको भरणपोषणमा निर्विकल्प भएका छन् ।






**सैनामैना नगरपालिकाको अनुरोध**

**प्रत्येक वर्ष प्रायः तराई तथा मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ । त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ ।**

**बच्ने उपायहरु**

- ❖ गोडादेखि नै न्यानो तथा बाक्लो लुगा लगाउने गरौं
- ❖ धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- ❖ कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।
- ❖ बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- ❖ आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- ❖ तातो तथा पोषलो झोल पदार्थहरु प्रसस्त सेवन गरौं ।
- ❖ स्वास्थ्य सम्बन्धी कुनै समस्या आईपरेमा, ज्वरो आएमा, झाडा पखाला वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- ❖ सुत्ने कोठामा आगो, मकल, कोइला बाल्दा झ्याल ढोका बन्द गरेर सुत्नु हुंदैन । जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मुत्यु समेत हुन सक्छ ।
- ❖ आगो वालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।
- ❖ छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।

**सैनामैना नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**रुपन्देही**







**सडक सुरक्षा तथा संरक्षण सम्बन्धित सार्वजनिक अपिल**

१. सडकसँगै लगाईएका फूल तथा रुख बिरुवाहरु संरक्षण गर्ने सबैको दायित्व भएकोले यसको संरक्षण गरी हरियाली बनाऔं ।
२. सडक संरचनामा निर्माण गरिएका रेलिङ तथा कर्भस्टोनको संरक्षण गरौं ।
३. जेब्रा क्रसिङबाट मात्र बाटो काट्ने गरौं, सम्भावित दुर्घटनाबाट बचौं बचाऔं ।
४. सडक किनारामा जथाभावी पार्किङ नगरौं ।
५. पैदलयात्रीले सडक किनाराको पेटी मात्र प्रयोग गरौं ।
६. सडक पेटी तथा फुटपाथ अधिकरण नगरौं ।
७. सडक किनारामा तथा सडक पेटीमा मालसामान/सवारी साधन निर्माण सामाग्री राखी आवत जावतमा अवरोध नगरौं ।
८. साईकल तथा रिक्सा चालकले सर्भिस रोड मात्र प्रयोग गरौं ।
९. सबै सवारी साधनहरुले लेन अनुशासन कायम गरौं ।

डिभिजन प्रमुख
**सडक डिभिजन साफेबगर**
अछाम

## फरक विश्व

# एक वर्षभित्रै दुईपटक सुत्केरी

अमेरिकाको फ्लोरिडाकी एक महिलाले एक वर्षभित्रैमा दुई पटक २/२ वटा बच्चा गरी कूल चार बच्चा जन्माएकी छन्। ती महिलाले पहिलोपटक सन् २०१९ को मार्चमा जुम्ल्याहा बच्चा जन्माएकी थिइन्। त्यसपछि गत डिसेम्बरमा पुनः जुम्ल्याहा बच्चा जन्माएपछि धेरैलाई यस घटनाले अचम्ममा पारेको छ।

एलेक्सजेन्ड्रिया वोलिस्टन नामकी ती महिलाले एक वर्षमै दुईपटक बच्चा जन्माएर चार सन्तानकी आमा बन्दा आफूलाई ठूलै उपहार पाएजस्तो लागेको



बताएकी छन्। मार्च महिनामा जुम्ल्याहा जन्माएपछि मे महिनामै उनी फेरि गर्भवती बनेकी थिइन्। डिसेम्बरमा उनले समय नपुगीकनै दोश्रोपटक जुम्ल्याहा बच्चा जन्माइन्। अहिले उनका चारवटै जुम्ल्याहा बच्चा स्वस्थ छन्। उनले त्यसअघि जेठी सन्तानको रूपमा एक छोरी जन्माइसकेकी थिइन्। त्यसैले उनका अहिले कूल पाँच सन्तान भएका छन्।

# ४४४ किलो वजनका युवा आफूलाई सुहाउँदो श्रीमतीको खोजीमा

२७ वर्षीया पाकिस्तानी वेटलिफ्टर उनको भीमकाय शरीरलाई मिल्ने पत्नीको खोजीमा छन्। ४४४ केजीका वेटलिफ्टर आफ्नी दुलही कम्तीमा पनि सय किलोको चाहन्छन् तर त्यस्ती युवती नपाउँदा उनले तीन सय प्रस्ताव अस्वीकार गरिसकेका छन्।



खैबर पख्तूनख्वा प्रदेशमा पर्ने मरदानमा बसोबास गर्ने अरबाब खिजर हयातले आफ्नो वजनका कारण विवाह हुन नसक्दा हैरान छन्। हयातलाईमात्र होइन उनको परिवारलाई आफ्नो घरकी बुहारीको वजन कम्तीमा १०० किलो हुनुपर्ने लाग्छ। तिनको विचारमा दुलाहा दुलहीबीच धेरै भिन्नता भयो भने जोडी जम्दैन।

परिवार त अझ अरबाबकी दुलहीको उचाई पनि ६ फिट चार इन्च होस् भन्ने चाहन्छ। हयातको उचाई ६ फिट ६ इन्च छ। यस अतिरिक्त, युवतीलाई राम्रो खाना बनाउन आउनुपर्छ। हयातले दैनिक हजार क्यारोरी भएको खाना खान्छन्। उनी दैनिक ३६ वटा त अण्डा खान्छन्।

सबैभन्दा बलियो व्यक्ति बन्ने सपना रहेको बताउने युवा भन्छन् 'मलाई कुनै स्वास्थ्य समस्या छैन। म अहिलेको वजनमा बिलकुल स्वस्थ र सहज महसुस गर्छु। म संसारको सबैभन्दा शक्तिशाली व्यक्तिको नाम लेखाउनको लागि दैनिक अत्यधिक खाना खान्छु। मैले किशोरावस्थामा आफ्नो वजन बढाउन सुरु गरेको थिए।'

हयातका अनुसार, 'मेरा आमाबुवा नाती नातिना खेलाउन चाहन्छन्। त्यसैले चाडै मेरो विवाह गराउन खोजिरहेका छन्। अहिलेसम्म तीन सय प्रस्ताव आइसकेको छ तर मेरो शरीर अनुसार जोडी नमिल्ने सोचेर सबै सम्बन्ध तोड्नु पर्‍यो।' एजेन्सीको सहयोगमा

# विवाहको मिति टुंगो नलागि प्रियंकाको ब्याचलोरेट पार्टी





काठमाडौं। नायिका प्रियंका कार्कीको 'ब्याचलोरेट पार्टी'ले सञ्चारमाध्यमदेखि सामाजिक सञ्जालमा समेत निकै चर्चा पाएको छ। ६ जनाको टोली लिएर पार्टीका साथै मस्ती गर्न थाइल्याण्ड पुगेकी प्रियंकाले इन्टाग्राममा पोष्ट गरेका तस्बिर निकै ग्लामर्स छन्।

आफ्ना ६ जना साथीहरुसँगको विभिन्न कलरका बिकिनी लगाएका विभिन्न पोजका तस्बिर बारम्बार पोष्ट गरिरहेकी छिन्। उनले पोष्ट गरेका तस्बिर हेर्दा उनले थाइल्याण्डमा 'फूल अन' मस्ती गरेको देखिन्छ।

विवाहको मिति निश्चित नभएपनि प्रियंकाको ब्याचलर पार्टी भने निकै उत्कृष्ट रुपमा मनाएकी छिन्। उत्कृष्ट सेटिङमा, सेतो पहिरनमा सजिएर उनले साथीहरुसँग बेहुली हुनु अघिको समयलाई निकै विशेष तवरले व्यतित गरेकी छिन्।

उनले पोष्ट गर्ने फोटोमा आफूलाई ब्राइड अफ २०२० भन्ने गरेकी छिन्। यसले गर्दा उनी चाँडै नै विवाह बन्धनमा बाँधिने पक्कापक्की भएको जस्तो लाग्छ। विवाहको मिति निश्चित भएर नै होला उनी अहिले 'ब्याचलोरेट पार्टी' मनाउन थाइल्याण्ड पुगेकी हुन्।

प्रियंकाको टोलीमा मोडल आस्था पोखरेल, डिजाइनर सिवाङ्गी प्रधान, साहाना बज्राचार्यलगायत ६ जना छन्।

उता प्रियंका आफ्नो 'गर्ल ग्याङ्ग' सँग ब्याचलोरेट पार्टीमा रमाइरहेका बेला प्रेमी आयुष्मान देशराज श्रेष्ठ जोशी भने प्रियंकासँगको फोटो पोष्ट गरेर 'मिस यु' भनिरहेका छन्।

उक्त तस्बिरमा प्रियंकाले पनि 'आई मिस यू मोर' भन्दै कमेन्ट गरेकी छिन्। उनीहरुको यो कमेन्टमा एक प्रयोगकर्ताले लेखेकी छिन्, 'ब्याचलोरेटमा भविष्यका श्रीमानसँग कुरा गर्न मनाही छ।'

प्रियंका र आयुष्मानले गत असार २८ गते आफन्त र निकटस्थहरुको सहभागितामा इन्गेजमेन्ट गरेका थिए। उनीहरुले आफ्नो डेढ वर्षको सम्बन्धलाई इन्गेजमेन्ट गरेर आधिकारिक रुप दिएका थिए।


# माइनल २४ डिग्रीमा 'प्रेमगीत ३' सुटिङ

काठमाडौं। चलचित्रको 'प्रेमगीत ३' को सुटिङ सकिएको छ। युवास्टार प्रदीप खड्काको मुख्य भूमिका रहेको यो चलचित्र मनाङको माइनल २४ डिग्री तापक्रम सम्ममा पनि सुटिङ गरिएको निर्माता सन्तोष सेनले बताएका छन्।

चलचित्रमा समावेश गरिने एक गीतको छायांकन मात्र बाँकी रहेको र छायांकन सँगसँगै सम्पादन पनि एकसाथ चलेको बताइएको छ। चलचित्रको कलर करेक्सन, ब्याकग्राउन्ड स्कोर र डबिङको काम सुरु हुने बताइएको छ। तीन करोड लागतमा बनेको यो चलचित्र छेतेन गुरुङ र निर्माता सेनले मिलेर निर्देशन गरेका हुन्।

'प्रेमगीत ३' को ४५ प्रतिशत दृश्य काठमाडौंको कीर्तिपूरमा भव्य सेट निर्माण गरेर खिचिएको थियो। चलचित्रका लागि सबैभन्दा ठूलो खर्च काठमाडौंमा निर्माण गरिएको सेट र मनाङमा मुस्ताङबाट मगाइएको घोडामा भएको बताइएको छ।

३ हजार ५ सय मिटर उचाइको मनाङमा चलचित्रका लागि अधिकांश हिउँ परिरहेको दृश्य कैद गरिएको छ।



चलचित्रमा पुराना स्टारदेखि अहिलेका स्टारको अभिनय देख्न सकिन्छ।

प्रदीपसँग नवनायिका क्रिस्टिना गुरुङको जोडी बाँधिएको छ। यस्तै शिव श्रेष्ठ, सुनिल थापा, सन्तोष सेन, माओत्से गुरुङ, मनीष राउत, प्रेम पुरी, लक्ष्मी बर्देवा, अनुभव रेग्मी, योगिशा खत्री, सम्वृद्धि शाही ठकुरीलगायतको अभिनय छ। चलचित्रको कथा र पटकथा छेतन गुरुङ र मन्दिप गौतमले लेखेका हुन्।

चलचित्रमा कल्याण सिंह र एलिश कार्कीको संगीतमा प्रताप दास, मेलिना राई, सागर आले र प्रविशा अधिकारीले स्वर भरेका छन्। चक्रबहादुर चन्द र डम्बरबिक्रम सेन कार्यकारी निर्मातामा छन् भने कुमार शान शाह र ओएसआर डिजिटल सहनिर्माताको रुपमा रहेको छ/। चलचित्र चैत १८ मा प्रदर्शनमा आउने बताइएको छ।

# 'एन्टी हिरो'मा जसिता




काठमाडौं। अभिनेता अनमोल केसीले अभिनय गर्ने भनिएको नयाँ चलचित्र 'एन्टी हिरो'मा नायिका जसिता गुरुङले अभिनय गर्ने भएकी छिन्। अब यो चलचित्रमा अनमोल र जसिताको रोमान्स रहनेछ। बुधबार चलचित्रका निर्माता भुवन केसी र अभिनेत्री जसिता गुरुङबीच कागजी सम्झौता भएको छ।

काजल फिल्मस्को ब्यानरमा निर्माण हुने 'एन्टी हिरो' को छायांकन बैशाख १ गतेबाट सुरु हुने बताइएको छ। निर्माता भुवन केसीका अनुसार मुख्य अभिनेता र अभिनेत्रीको टुंगो लागे पनि निर्देशक भने फाइनल भइसकेको छैन्। चलचित्रमा निर्माता केसीले पनि अभिनय गर्नेछन्। उनी यो चलचित्रमा खलनायकको भूमिकामा देखिदैछन्।

चलचित्र 'लिलिबिली'बाट अभिनय करिअर सुरुवात गरेकी अभिनेत्री जसिताको पछिल्लो रिलिज फिल्म 'लभ स्टेशन' हो। यो चलचित्र बक्सअफिसमा असफल भएपछि निराश भएकी उनले निर्देशक रेनशा वान्तवा राईको 'आई एम ट्वान्टिवान' साइन गरेर बसेको धेरै समय भैसकेको छ। तर, यो फिल्मको छायांकन हुन सकेको छैन।







"स्वच्छ, सफा, सबल र समृद्ध नगरपालिका हाम्रो चाहना'




१. जन्म, मृत्यु, बिहे जस्ता घटना ३५ दिनभित्र वडा कार्यलयहरुमा दर्ता गरौं।
२. विकास निर्माणका काम उपभोक्ता समिति मार्फत जनसहभागितामा समयमै सम्पन्न गरेर फरफारक गरौं, अर्थात् विकास निर्माणका काममा विलम्ब नगरौं।
३. स्थानीय सरकारलाई सबल बनाउन समयमै कर तिरौं, सेवा प्रवाहमा रहेका कमि कमजोरी औंल्याऔं।
४. कृषि, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार सिर्जनामा टेवा पुर्‍याऔं।
५. छोराछोरीलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं।
६. बाँझो जमिनमा बोटविरुवा लगाऔं।
७. सीप सिकौं, स्वाबलम्बी बनौं।
८. भूकम्प प्रतिरोधी संरचना निर्माण गरौं।

मध्यविन्दु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चोरमारा, नवलपुर



नगरवासीमा अनुरोध




- सहभागितामूलक, समावेशी तथा साझेदारी पूर्वक विकास निर्माण, स्वच्छ, निष्पक्ष तथा सुशासनयुक्त, कार्यशैली हाम्रो अभियान।
- जवाफदेहीता, जिम्मेवारीता र पारदर्शीताका लागि सार्वजनिक लेखापरीक्षण।
- ज्येष्ठ नागरिक, एकल महिला, अपांग र अशक्त नागरिक प्रति जिम्मेवार बनौं सामाजिक सुरक्षा भत्ता वितरण कार्यको सुनिश्चत गरौं।
- व्यक्तिगत घटना (जन्म, विवाह, सम्बन्ध विच्छेद, बसाँइ सराई र मृत्यु) सम्बन्धित वडा कार्यालयमा घटना भएको ३५ दिन भित्र दर्ता गरौं।
- भुकम्प प्रतिरोधी भवनहरु निर्माण गरौं।

देवदह नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
केरवानी रुपन्देही






रिब्दीकोट गाउँपालिकाको अनुरोध

- सहभागितामूलक, समावेशी तथा साझेदारी पूर्वक विकास निर्माण, स्वच्छ, निष्पक्ष तथा सुशासनयुक्त, कार्यशैली हाम्रो अभियान।
- जवाफदेहीता, जिम्मेवारीता र पारदर्शीताका लागि सार्वजनिक लेखापरीक्षण।
- ज्येष्ठ नागरिक, एकल महिला, अपांग र अशक्त नागरिक प्रति जिम्मेवार बनौं सामाजिक सुरक्षा भत्ता वितरण कार्यको सुनिश्चत गरौं।
- व्यक्तिगत घटना (जन्म, विवाह, सम्बन्ध विच्छेद, बसाँइ सराई र मृत्यु) सम्बन्धित वडा कार्यालयमा घटना भएको ३५ दिन भित्र दर्ता गरौं।
- भुकम्प प्रतिरोधी भवनहरु निर्माण गरौं।

रिब्दीकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खस्यौली, पाल्पा

रेसुङ्गा टुडे
Resunga Today Weekly साप्ताहिक

प्रकाशक/प्रधानसम्पादक : गोविन्दबहादुर पाण्डे
प्रवन्ध निर्देशक : कमला पाण्डे
सम्पादक : हेमन्तशंकर आचार्य
कार्यकारी सम्पादक : शिशिर सापकोटा
बजार प्रवन्धक : भविन्द्रकुमार दाहाल
सहायक बजार प्रवन्धक : नविन कार्की

संवाददाता : रामबहादुर पाण्डे, लक्ष्मी बोहोरा
प्रेम सुनार (गुल्मी), लक्ष्मण पाण्डे (न्यूयोर्क, अमेरिका)

कानुनी सल्लाहकार : श्रीधर न्यौपाने
कार्यालय : बानेश्वर-१०, काठमाडौं
फोन : ५२४४५५३, ५२४४४४७, फ्याक्स : ५२४४४४७
इमेल : resungamedia123@gmail.com
resungatoday123@gmail.com
मुद्रण : प्रिन्ट स्काई, न्यूरोड, काठमाडौं

● सम्पादकीय ●

# अनुहार होइन अपराध हेरेर दण्ड दिऔं

ट्रान्सपरेन्सी इन्टरनेशनल नेपाल नामक अन्तर्राष्ट्रिय संस्थाले नेपालमा नीतिगत र राजनीतिक भ्रष्टाचार फरक ढंगले मौलाएको भन्दै यसले राष्ट्रलाई नै वद्नामी गरेको सन्देश दिएको छ। ट्रान्सपरेन्सी इन्टरनेशनल नेपालले विहीबार सार्वजनिक गरेको 'भ्रष्टाचार अवधारणा सूचकाङ्क-२०१९' मा नेपालले सन् २०१८ को तुलनामा तीन अङ्क माथि उक्लदै ११ औं स्थानमा रहेको छ। नेपाल सन् २०१८ मा ३१ अङ्कसहित १२४औं स्थानमा रहेको थियो भने सन् २०१९ मा ३४ अङ्कसहित ११३ औं स्थानमा रहेको छ। "केही अङ्क कम भए पनि नेपालमा भ्रष्टाचार सुधार भयो भन्ने आधार छैन" ट्रान्सपरेन्सी नेपालले भनेको छ, "प्रशासनिक कार्यका भ्रष्टाचार रोकिए पनि नीतिगत भ्रष्टाचार अझै डर लाग्दो रुपमा रहेको छ।" ५० अङ्कभन्दा कम ल्याउने मुलुक अझै भ्रष्टाचारको चङगुलमा रहेको मानिन्छ। नेपालले ३४ अङ्क मात्र ल्याएको छ। हाल आएर भ्रष्टाचार घटे पनि राजनीतिक र नीतिगत भ्रष्टाचार नघटेको भन्दै सो संस्थाले चिन्ता व्यक्त गरेको छ।

सरकारको भ्रष्टाचार विरोधी प्रतिबद्धता अनुरुप कार्यान्वयन नहुनु, सार्वजनिक क्षेत्र र व्यापार व्यवसायमा भ्रष्टाचार र अधिकारको दुरुपयोग यथावत रहनु, सूचनामा नागरिकको पहुँचमा कमी हुनु, राज्य सञ्चालनमा सीमित समूहको पकड रहनु, राजनीतिक क्षेत्र भ्रष्टाचार नियन्त्रणमा गम्भीर नहुनुजस्ता दीर्घकालीन समस्यामा सुधार हुन नसक्नुले भ्रष्टाचार मौलाइरहेको देखिन्छ। भ्रष्टाचार नियन्त्रण गर्न नेपालले विभिन्न अन्तर्राष्ट्रिय घोषणा र निर्णयमा हस्ताक्षर गरे पनि व्यवहारमा कमजोर देखिएको आरोप लगाइएको छ। भ्रष्टाचार नियन्त्रण र निगरानी गर्ने निकाय, न्यायपालिकाको कामकारवाही र कर असुलीसँग सम्वन्धित निर्णयमा तुलनात्मक सुधार देखिए पनि राजनीतिक पार्टी, संस्था र व्यक्तिले नीतिगत भ्रष्टाचारलाई संरक्षण गरेको देखिन्छ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ र भ्रष्टाचार निवारण ऐन २०५९ लाई संशोधन गर्न बनेको विधेयक सरकारले राष्ट्रिय सभामा सोमवार दर्ता गरेको छ। विधेयक पारित भएपछि कानून बन्ने छन् भने अख्तियार दुरुपयोग अनुसन्धान ऐनको संशोधन विधेयकमा मन्त्रिपरिषद् र प्रादेशिक मन्त्रिपरिषद्बाट हुने नीतिगत निर्णयहरु अनुसन्धान गर्न नपाउने भनिएको छ। आयोगको क्षेत्राधिकार सम्वन्धी व्यवस्थामा अख्तियारको दायर झनै संकुचित बनाइएको छ। सानो भ्रष्टाचारमा सजाय बढाइएको छ भने ठूलाको हकमा यथावत राखिएको छ। यसले गर्दा भ्रष्टाचार अझ बढ्ने देखिन्छ। विभिन्न प्रभावशाली व्यक्तिलाई मुद्दा चलाउनु अघि को कुन पार्टीसँग सम्वन्धित छ भन्ने विचार गरेर मात्र अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सरकारको संकेत पर्खिने गरेको टिप्पणी पनि भइरहेको छ। तसर्थ भ्रष्टाचार निवारण जस्तो गम्भीर विषयलाई राजनीतिको प्रभावबाट मुक्त गर्न सकिएन भने आउँदा वर्षहरुमा भ्रष्टाचार अरु बढ्न देखिन्छ। अनुहार हेरेर होइन, अपराध हेरेर दण्ड दिने प्रतिज्ञा गरिन भने राजनीतिक दल मात्र होइन, गणतान्त्रिक प्रणाली नै वद्नाम हुँदै जाने अवस्था देखिन्छ।

तसर्थ ट्रान्सपरेन्सी इन्टरनेशनलले भने झैं शक्ति पृथकीकरणको प्रवर्द्धन, पक्षपातरहित बजेट र सेवामा सरोकारवालाको पहुँच, राजनीतिमा पैसाको प्रभावलाई न्यूनीकरण, स्वार्थको द्वन्द्वमा सम्बोधन, निर्णय प्रक्रियामा सरोकारवालाको अर्थपूर्ण पहुँच, निर्वाचनमा देखिने विकृतिको अन्त्य तथा नागरिक, सामाजिक अभियन्ता र पत्रकारको सशक्तिकरण जस्ता विषयको सम्बोधनबाट भ्रष्टाचार नियन्त्रण गर्न र राजनीतिप्रति विश्वास जगाउन सरकार अग्रसर हुनुपर्ने देखिन्छ।





विजया दशमी २०७६को सुखद अवसरमा सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सम्वृद्धि एवं उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना।

आकर्षक डिजाइनका गहना चाहिएमा हामीलाई सम्झनुहोस्।

वीरेन रसाइली, प्रोपाइटर
हिमाल सुनचाँदी पसल
शान्तिनगर ३४, नयाँबानेश्वर, काठमाडौं
फोन : ४१०७५८९, मो. : ९८४९१६४६५७

# नेपालमा सही लिडर किन उत्पादन भएनन् ?



किशोर थापा

**कुनैपनि क्षेत्रमा लिडर हुनका लागि त्यसको शुरुमा त्यसको 'फलोवर्स' हुनुपर्छ। फलोवर्स छैन् भन्ने त्यो लिडर हैन। फलोवर्स कुनै डरत्रास बिना स्वस्फुर्त भावनाले जोडिएको हुनुपर्छ। लिडरसँग भिजन र मिसन स्पष्ट हुनुपर्छ। उसले आफ्नो भिजन फलोवर्सलाई फलो गर्न लगाउनुपर्छ। भीडले के भन्छ त्यसको पछिपछि लाग्ने मान्छे लिडर हैन। क्षणिक लोकप्रियतामा लिडर जानुहुँदैन। उसले राखेका भिजन शुरुमा केही मान्छेलाई राम्रो नलाग्न सक्छन्। उसलाई पागल भन्न सक्छन्। कालान्तरमा उसले सबैलाई 'कन्भिन्स' गर्ने क्षमता राख्नुपर्छ।**

नेपाली सामाजले यथार्थमा लिडरको अर्थ खुट्टाउन सकेको छैन। आफूलाई 'नेता हुँ' भन्नेले पनि यसको अर्थ बुझेको देखिदैंन। अंग्रेजीको 'लिडर'लाई 'नेता' भनि अर्थ लगाइन्छ। तर, लिडरको भावर्थ 'नेता' हैन्। यसको उपर्युक्त शब्द नायक हो। हामीले लिडरसीप(नेतृत्व)लाई राजनीतिमा मात्रै सीमित गरेका छौं तर यो यसमा मात्रै सीमित छैन। लिडर राजनीति, सामाज, शिक्षा, व्यवसाय जुनसुकै क्षेत्रमा पनि हुनसक्छ। लिडरसिपको पद, पोजिसन, स्टाटससँग सम्बन्ध हुदैंन यो 'क्वालिटी' हो। यो 'क्वालिटी जोसँग पनि हुनसक्छ।

कुनैपनि क्षेत्रमा लिडर हुनका लागि त्यसको शुरुमा त्यसको 'फलोवर्स' हुनुपर्छ। फलोवर्स छैन् भन्ने त्यो लिडर हैन। फलोवर्स कुनै डरत्रास बिना स्वस्फुर्त भावनाले जोडिएको हुनुपर्छ। लिडरसँग भिजन र मिसन स्पष्ट हुनुपर्छ। उसले आफ्नो भिजन फलोवर्सलाई फलो गर्न लगाउनुपर्छ। भीडले के भन्छ त्यसको पछिपछि लाग्ने मान्छे लिडर हैन। क्षणिक लोकप्रियतामा लिडर जानुहुँदैन। उसले राखेका भिजन शुरुमा केही मान्छेलाई राम्रो नलाग्न सक्छन्। उसलाई पागल भन्न सक्छन्। कालान्तरमा उसले सबैलाई 'कन्भिन्स' गर्ने क्षमता राख्नुपर्छ।

अहिले नेपालमा मानी आएका र जानी आएका लिडर हैनन। संसारमा दुईथरिका मानिसहरु शासन सत्तामा गएका छन्। एकथरी तानाशाहहरु हुन्छन्, अर्काथरि साच्चकै लिडरहरु। तानाशाहले पनि आफूलाई लिडर नै भन्छ, देशभक्त नै भन्छ तर तानाशाह र लिडरमा फरक छ।

लिडरले आफ्ना नागरिकलाई शशक्तिकरण गर्छ। आफू शक्ति सञ्चय नगरि नागरिकलाई शक्तिशाली बनाउँछ। त्यो ज्ञान, सुविधा, सुचनाका आधारमा हुनसक्छ। नागरिकको बलमा लिडर टिकेको हुन्छ। तर तानाशाहले शक्ति आफूले सञ्चय गर्छ। स्रोत खिचेर लिन्छ। शक्ति र स्रोतलाई गलत प्रयोग गरेर हैकम चलाउँछ। तानाशाहको शक्तिको स्रोत सैनिक, हतियार र उसले सञ्चय गरेको शक्ति नै हो। उसले जनताको शक्ति स्वीकार्दैन। डर र त्रासको राजनीति गराउँछ। जुनअहिले हामी नेपालमा पनि देख्छौं। यसले मानिसको मन र शरिरलाई कन्ट्रोल गर्छ। थ्रेट कायम गराउँछ। स्वतन्त्रतालाई खुम्चाएर वशमा ल्याउन खोज्छ।

लिडरले मानिसको मन जित्छ। उसलाई ठूल्ठूला गाडी-घर चाहिदैंन। जस्तो, महात्मा गान्धीलाई भारतबाट अंग्रेज भगाउन एउटा धोती र लट्ठीमात्रै भएर पुग्यो। लिडरले सबैको विचारलाई समेट्दै जित-जितको अवस्थामा जान्छ। प्रोपोगाण्डा, ठूल्ठूला आश्वासनहरु बढ्दैन। कामबाट परिवर्तन देखाउँछ।

तानाशाहको मोडल म जित्नुपर्छ, अरु हार्नुपर्छ भन्ने हुन्छ। उसले कामभन्दा पनि बढी हल्ला गर्छ। उसले सामाज हैन्, आफू, परिवार, आसेपासेको अवस्थामा छलाङ मार्छ। तानाशाहले जे मनमा सोचेको हुन्छ। त्यही लागु गर्न खोज्छ। आफ्नो शक्तिको प्रयोग गर्दै सबैलाई त्यही मान्न लगाउँछ।

हामीले लिडर र म्यानेजर(व्यवस्थापक)मा पनि फरक छुटाउन सक्नुपर्छ। दुबैले मान्छेलाई त कन्ट्रोल गर्छन तर म्यानेजर लिडर हैन्। लिडरको काम सही कुरा के हो भनिदिने हो भने म्यानेजरको सही ढंगबाट काम फत्ते गर्ने हो। लिडरले सही आदेश दिने हो भने म्यानेजरले दिएको आदेश पालना गर्ने हो।

लिडरमा नोज (सोच दिने), सोज (कसरी अघि बढ्ने) र गोज (जाने) गुण हुनुपर्छ। म्यानेजरमा नोज र गोज भएपुग्छ। म्यानजेरको सफलता आउटपुटमा नापिन्छ। लिडरको मुल्यांकन आउटकम बाट हुन्छ। आउटपुट भौतिक रुपमा नाप्न सकिन्छ भने आउकम भावनामा हुन्छ।

नायक (लिडर) र नाइकेबीच पनि फरक छ। यी दुईले पनि मान्छे खुब बटुल्छन्। गुण्डाको नाइके हुन्छ नायक हुदैंन। नाइकेका पछि लाग्ने डर, त्रासमा लाग्छन। लिडरका पछि लाग्ने व्यक्तित्व, भिजनबाट प्रभावित भएकाहरु लाग्छन। नायकेले भौतिक वस्तु, सुखसुविधाबाट मान्छेलाई आकर्षित गरेको हुन्छ। लिडरले विचार, भावनाले मान्छेलाई उप्रेरित पार्छ, बटुल्छ।

*लिडरले गर्नुपर्ने कुरा के हो ?*

लिडर सानो होस् या ठूलो, उसले आफ्नो लक्ष्य निर्धारण गरेको हुनुपर्छ। गर्न खोजेको कुरा के हो? भन्नेमा स्पष्ट हुनुपर्छ। लक्ष्य पूरा गर्न बाटो बनाउँनुपर्छ। त्यसपछि उसले आफ्नो उदेश्यमा फलोवर्सलाई मोटिभेट गर्नुपर्छ।

लिडर जहिलेपनि आफ्नो मुल्य मान्यतामा अडिग हुनुपर्छ। यसमा अडिग रहन सकेँन भने फलोवर्सले उसलाई छाड्दै जान्छन्। लिडरले कामलाई प्राथमिकताका आधारमा छुटाउन सक्नुपर्छ। झिनामसिना काममा शक्ति खेर फालेर मुख्य काम छुटिरहेको अहिले नेपालमा पनि हामी देख्न सक्छौं।

लिडरमा सही समयमा सही निर्णय लिनसक्ने क्षमता हुनुपर्छ। चाहेँ आफ्नालागि अप्रिय, पीडादायी भएपनि त्यसको दीर्घकालिन असर देश र जनताका लागि फाइदाजनक भए त्यसमा लिडर पछि हट्नुहुन्न। उसले आफ्नो बोली निर्णयमा कहिले चुक्नु हुँदैन। चुकेँ उसका फलोवर्सको विश्वास उसप्रति घट्दै जान्छ। अनि फलोवरहरुको उर्जा बेलाबेला घटबढ भइरहेको हुन्छ त्यसबेला लिडरले फलोवर्सको ब्याट्री चार्जको काम समेत गर्नुपर्छ।

*लिडरलाई चाहिने आधारभुत कुरा*

लिडरले निकै दौडधुप गर्नुपर्छ। भोकनिद्रा, चोट खेप्नुपर्छ। म मेयर(काठमाडौं) पदको उम्मेदवार हुँदा एकदिन खाना नखाएरै तीनवटा इन्टभ्यू गरेको सम्झना आउँछ। त्यसैले लिडरले आफ्नो स्टामिनामा कमी हुन दिनुहुँदैन।

इस्यु बुझेर तत्काल सही निर्णय गर्नसक्ने क्षमता लिडरले आफूमा विकसित गर्नुपर्छ। जे काम गरेपनि त्यसको सम्पूर्ण जिम्मेवारी सही लिडरले आफूले लिनुपर्छ। विभिन्न मान्छेहरुसँग 'डिल' गर्नसक्ने, कोसँग गासिन सक्ने, मोटिभेट गर्नसक्ने, साहस, प्रतिबद्धता तथा स्पष्ट भिजन लिडरका आधारभुत कुरा हुन्।

*नेपालमा सही नेता उत्पादन किन भएन ?*

हाम्रो सामाज जस्तो हुन्छ, त्यस्तै नेता जन्मिने हो। नेपाली सामाजले किन सही नेता उत्पादन गर्न सकेनौं महत्वपूर्ण प्रश्न छ।

एउटा सामाजमा सही नेता नजन्मनुका विभिन्न कारण हुन सक्छन। जस्तो मेहनत गर्न नचाहने, मैले गरेर केही पनि हुँदैन, नेता-मन्त्री आएर गरिदिने हो भन्ने सोचाई राख्ने सामाजले सही नेता पहिचान गर्नसक्दैन। कामको उत्तरदायित्व, जिम्मेवारी लिनै नपर्ने सामाजबाट पनि सही नेतृत्व उत्पादन हुन सक्दैन। अर्को चमत्कारमा विश्वास गर्ने, फलानो आयो भने चमत्कार गर्छ, छलाङ मार्छ, म सरकारमा भएपछि जादु गर्दिन्छु भन्ने सामाजमा पनि सही देखिदैंन। जुन सामाज व्यक्तिगत स्वतन्त्रता, विवेकलाई बन्धकी राख्न तयार हुन्छ, विवेक शुन्य हुन्छ। त्यहाँबाट सही नेताको अपेक्षा राख्न सकिदैंन।

हामी धेरै हिसाबले राजावादी छौं। त्यो भनेको शाहवंशका राजाका अनुयायी हैन। हामी कुनै न कुनैपत्रलाई राजा वा रानी बनाउँछौं। फलानो त्यो पार्टीमा थियो। उसकी श्रीमती, छोरालाई त्यहाँ पुऱ्याउनै पर्यो नि भन्ने सोच राख्छौं। जीवन पर्यान्त हामी उसलाई त्यहाँबाट हटाउँन चाहान्नौं। निरन्तरता दिइरहन्छौं। यस्तो परिवारवादलाई मान्यता दिने सामाज भएसम्म त्यहाँ सही नेतृत्व उत्पन्न हुन गाह्रो हुन्छ।

हामी नेता र तानाशाहबीचको फरक छुट्टाउन सक्दैनौं। तानाशाहलाई शक्ति, सत्तामा पुऱ्याउँदा उसले आफ्नो विकास गर्छ नकि जनताको। भोटको शक्ति हामी नेपालीले बुझैकै छैनौं। भोटलाई हामी भावुकता, पारिवारवाद पैसामा फाल्दिन्छौं। जबसम्म भोटले जीवन परिवर्तन गर्छ भनेर बुझ्दैनौं तबसम्म राम्रो नेता उत्पादन हुन गाह्रो छ।

*(साझा पार्टीका केन्द्रीय सदस्य थापाले शनिबार पार्टीको केन्द्रीय कार्यालयमा साझा स्कुल अफ पब्लिक लिडरसिप अन्तर्गत नेपाली सामाजमा लिडरसिपका चुनौती विषयमा राखेको मन्तव्यमा आधारित)*



"स्वच्छ, सफा, सबल र समृद्ध नगरपालिका हाम्रो चाहना'

१. जन्म, मृत्यु, बिहे जस्ता घटना ३५ दिनभित्र वडा कार्यलयहरुमा दर्ता गरौं।
२. विकास निर्माणका काम उपभोक्ता समिति मार्फत जनसहभागितामा समयमै सम्पन्न गरेर फरफारक गरौं, अर्थात् विकास निर्माणका काममा विलम्ब नगरौं।
३. स्थानीय सरकारलाई सबल बनाउन समयमै कर तिरौं, सेवा प्रवाहमा रहेका कमि कमजोरी औंल्याऔं।
४. कृषि, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार सिर्जनामा टेवा पुऱ्याऔं।
५. छोराछोरीलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं।
६. बाँझो जमिनमा बोटविरुवा लगाऔं।
७. सीप सिकौं, स्वाबलम्बी बनौं।
८. भूकम्प प्रतिरोधी संरचना निर्माण गरौं।

रेसुङ्गा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तम्घास, गुल्मी

अनुरोध

सडक आर्थिक विकासको लागि देशको मेरुदण्ड भएका कारण निर्माण सम्पन्न भैसकेका सडक संरचनामा प्रतिकूल असर पर्ने गरी देहायका क्रियाकलापहरु नगरीदिनु हुन अनुरोध छ।

१. सडक अतिक्रमण नगरौं।
२. बाटो काट्दा जेब्रा क्रसिङको सधैं प्रयोग गरौं।
३. सडक छेउछाउमा भएका ट्राफिक चिन्हलाई हेरी त्यस अनुरुप गाडी चलाऔं।
४. ट्राफिक नियमको पालना गरौं।
५. मादक पदार्थ सेवन गरी गाडी चलाउने बानी नबसालौं।
६. सरोकारवालाले ट्राफिक सुरक्षा सम्वन्धी जनचेतनामूलक कार्यक्रमको आयोजना गर्ने गरौं।

योजना प्रमुख
नेपालगञ्ज कोहलपुर
सडक योजना
नेपालगञ्ज

# नेपालमा उखु खेतीको अवस्था

– डा.श्रीभगवान ठाकुर

नेपालमा चिनी दैनिक रूपमा प्रयोग हुने उपभोग्य वस्तुको कच्चा पदार्थ उखु नै भएकोले औद्योगिक तथा नगदे वालीको प्रमुख स्थानमा रहेको छ। यसको खेती औद्योगिक दृष्टिकोणले तराईमा गरीन्छ। नेपालमा उखुको उत्पादकत्व बर्षौ देखि ३६ देखि ४६ मेट्रिक टन प्रति हेक्टर मात्र रहेको छ। जुन छिमेकी राष्ट्र भारतको महाराष्ट्रको तुलनामा एक तिहाई मात्रै छ। हाम्रै देशका केही अनुभवी कृषकहरूले ९० देखी १०० टन प्रति हेक्टर उत्पादन गरेको रेकर्ड पनि पाईन्छ। नेपालमा कूल चिनीको आवश्यकता (माग) भन्दा थौरे चिनीको उत्पादन भई बाँकी ५० हजार देखि १ लाख क्वी.सम्म (लगभग ५५प्रतिशत) चिनीको माग बाहिरीमुलुकबाट आयात गर्नु परेको अवस्थाले धेरै मुद्रा विदेशीने गरेको छ। जबकी हाम्रो देशमा जम्मा १३ वटा चिनी मिलहरू मध्ये हाल १० वटा मात्र सुचारू रूपले चलिरहेको छ।

उखु उत्पादनको सम्भावना हेर्ने हो भने प्रकृतीले तराईको लागी वरदान भनेर दिएको छ। हाम्रो माटो, मौशम, भूबनोट, सामाजिक, आर्थिक अवस्था आदी सबै उखुको लागी उत्तम रहेको छ। हाम्रो देशको तराईको जिल्लाहरू मध्ये उखु खेती गरीने जिल्लाहरूमा रौतहट, सर्लाही, सिराहा, महोत्तरी, बारा, पर्सा, नवलपरासी, कपिलवस्तु, रूपन्देही, धनगढी आदी हुन्। उक्त जिल्लाहरू मध्ये मध्यमाञ्चलका सर्लाही, रौतहट, महोत्तरी, बारा र धनुषा तथा पश्चिमाञ्चलका नवलपरासी, कपिलवस्तु जिल्लाहरू क्षेत्रफलको हिसावले बढी नै स्थान ओगेटेको छ।

नेपालको कुल उखुं उत्पादन २००७ मा हालसम्मको बढी २५.९९ लाख मे.ट. ततपश्चात २००८ मा २४.८५लाख र २००९ मा २३.५४ लाख मे.ट. रहेको छ। २०१७।१८ मा ६४,४८३ हे. २९.३ लाख मे.टन उत्पादन भई उत्पादकत्व ४५.४ टन प्रति हे. रहेको छ। विश्वा क्षेत्रफलमा ३५ औं, उत्पादनमा ४१ औं र उत्पादकत्वमा ६७ औं स्थानमा रहेको छ। यसवाट यो प्रष्ट हुन्छ कि बर्षेनी उखुं उत्पादन घटने र पुनः मिलको संख्या बढदा बढेको अवस्था छ।

२०६७/६८ कसिंग सीजनमा श्रीराम सुगर मिल्स, गरूडा रौतहटले लगभग २० लाख क्वी., ईन्दु शंकर चिनी मिल, हरिऔनले २५ लाख क्वी तथा एभरेष्ट सुगर मिल्स, रामनगरले २२ लाख क्वी उखु पेलेको थियो भने गत वर्ष करीब ११ लाख श्री राम सुगर मिल्स, गरूडाले, ३५ लाख ईन्दु शंकर हरियोन र ३४ लाख क्वीनटल एभरेष्ट सुगर गौशालाले पेलेको थियो। हाल अन्नपूर्णा र महालक्ष्मी चिनीमिल सर्लाहीमा थप्दा उखु आपूर्ति विभाजित भएको छ।

२०६७ सालमा उखुको भाउ पनि सरकार, उखु उत्पादक, संघ तथा चिनीमिल मालिकको निणर्यले बृद्धि गरी रू. ४११.५ प्रति क्वीन्टल थियो भने हालमा सरकारी अनुदान सहित रू. ६३६ गरेकोले आर्कषक देखिन्छ। उखु उत्पादनबाट कृषक, मिल मालिक, कर्मचारी तथा उपभोक्ता सम्पूर्णको हकमा धेरै नै महत्वपूर्ण रहेको छ। तथापी कृषक, कर्मचारी, मिल मालिक तथा उपभोक्ता सबै वर्गमा समस्या नै समस्या रहेको छ जुन सरकार, मिलमालिक, उखु कृषक सबै संबेदनसील हुनु आवश्यक देखिन्छ।

नेपालमा २४०,००० मे.ट. चिनीको उत्पादन हुन्छ। चिनी सन्मा २०१६।१७ मा रू. ३.६८ अर्वको ५६,१०० मे.ट. र २०१७।१८ मा रू. ५.७२ अर्वको १०६,२०० मे.ट. बाहिरबाट आयात गरिएको थियो।

***उखु खेती तथा उत्पादनका फाईदाहरू :***

- ठूलो तथा मध्यम किसानले धान, गँहु खेतीमा पटक पटकको श्रमिक एवं खर्च लगाउने झन्झटिलो हुनबाट बच्न सकिन्छ।
- उखुबाट सोझै एकमुष्ठ ठुलो रकम आउन सकिने नगदे बाली हो, जसबाट कुनै ठुलो नयाँ काम गर्न सहयोग मिल्दछ।
- उखु रोपाई तथा कटाईको बेला कृषकहरूलाई फुर्सद रहने भएको हुनाले श्रमिक तथा कृषि औजारहरूको प्रयोगमा कुनै प्रतिष्पर्धा हुदैन।
- एक वर्ष लगाएपछि २/३ वर्ष सम्म काटन सकिने भएको एक रोपाई ३ कटाई गरीने बाली भनिन्छ। जसले गर्दा लागत कम आम्दानी बढी हुन्छ।
- उखु खेतीबाट कटाईको बेला सुकेका पातहरूले गरीबहरूको दाउराको समस्या हल भई वन जंगल कटानीको नियन्त्रणमा पनि सहयोग पुऱ्याउछ।
- उखुको हरीयो माथिल्लो टुप्पा तथा पात गाई, बस्तुको लागी पोषिलो घाँस मानिएको हुनाले दुध उत्पादन समेतमा सहयोग पुऱ्याउछ।
- यसवाट छाडा पशु पालन नियन्त्रण हुनुका साथै खाली जमीनको सदुपयोग हुन्छ।
- उखुको सुकेका पात तथा पतिङ्गरबाट घर छाउनुका साथै राम्रो कम्पोष्ट मल बनाउन सकिने भएको हुनाले यसको खेती गर्न बाह्रय रसायनिक मल नभए पनि हुने बाली हो।
- उखु चिनी मिलमा पठाउन नचाहे भेली बनाएर पनि ६०-६५ रू. प्रति के.जी को दरले बेचेर राम्रो आम्दानी गर्न सकिन्छ वा खादसारीमा पनि पठाएर आम्दानी गर्न सकिन्छ।
- उखु खेती अरू बाली गर्न नसकिने जग्गा जस्तै पानी जम्ने, कम मलिलो, अम्लिए, क्षारीय माटो असिचिंत समेतमा गर्न सकिन्छ।
- उखु खेतीलाई उम्रेको केही दिन पछि असिना, धेरै चिसो, छाडा गाईबस्तुले धेरै नोक्सान पुऱ्याउन सक्दैन।



**२०६७ सालमा उखुको भाउ पनि सरकार, उखु उत्पादक, संघ तथा चिनीमिल मालिकको निणर्यले बृद्धि गरी रू. ४११.५ प्रति क्वीन्टल थियो भने हालमा सरकारी अनुदान सहित रू. ६३६ गरेकोले आर्कषक देखिन्छ। उखु उत्पादनबाट कृषक, मिल मालिक, कर्मचारी तथा उपभोक्ता सम्पूर्णको हकमा धेरै नै महत्वपूर्ण रहेको छ। तथापी कृषक, कर्मचारी, मिल मालिक तथा उपभोक्ता सबै वर्गमा समस्या नै समस्या रहेको छ जुन सरकार, मिलमालिक, उखु कृषक सबै संबेदनसील हुनु आवश्यक देखिन्छ।**

- उखु खेतीमा ढुवानी, कटानी, रोपाई माटो चलाउन तथा मिलमा कर्मचारी श्रमिकहरूको धेरै आवश्यकता भएको हुनाले बेरोजगारी समस्या समेत समाधान गर्न सकिन्छ।
- उखु बालीको उम्रने अवधि लामो तथा बृद्धि विस्तारै हुने भएकोले दुई वटा पंक्तिको बीचमा अर्को नगदे बालीहरू जस्तै : तोरी, मसुरो, धनिया, खुर्सानी, हरियो मल बाली जस्तै : मुंग, बोडी उत्पादन गरी अतिरिक्त फाईदा लिन सकिने बाली हो
- धेरै रोग किरा नलाग्ने, लागे पनि एकदमै धेरै नोक्सान नहुने बाली हो।
- सिचांईको सुविधा मै भर नपर्ने बाली हो।
- उखुबाट भेली बनाउदा लाग्ने सम्पूर्ण दाउरा उखु पेल्ने मेशीनबाट निस्किने सिटीबाट प्राप्त गर्ने गरीन्छ।
- चिनी मिलले यसको उपउदपादहरू जस्तैः स्पिरिट, अलकोहल, मोलासीयस, कागज, प्रेसमड, विजुली तथा मल पनि बनाएर थप आम्दानी गर्ने गरिन्छ।

***उखु खेती फस्टाउन नसक्नुका कारणहरू :***

(क) **कृषकस्तरका :**

- कृषकले एकदमै हेलचक्रयाई गरी उखु खेती गरेको।
- गरीब कृषकहरूले रोप्ने बेला मल, वीउ, लेबरको बढी लागत धान्न नसकेको।
- सिफारिस अनुसारको उन्नत खेती प्रविधि अपनाउन नसक्नु।
- बीमा, ऋण तथा वितिय सुविधा प्राप्त नगर्नु।
- सिचांई, मल चाहिएको बेलामा उपलब्ध नहुनु।
- उखु ढुवानी गर्न चिनी मिलबाट दिईने पुर्जी (चलान) समयमा नपाउनु एकको चलान अर्कोलाई दिनु वा बेच्नु।
- उखु ढुवानीका साधन नपाउनुका साथै ढुवानी साधन तौल हुने (संकलन केन्द्र) काँटा/मिलबाट छिट्टै खाली नहुनु।
- तौलको बेला जरतीको नाममा २ देखि २० प्रतिशतसम्म काटनु।
- उखुको रकम पाउन धेरै समय लाग्नु।
- चिनी मिलको प्राविधिकबाट प्राविधिक सहयोग सरसल्लाह नपाउनु।
- उखु ढुवानी फाल्गुन भित्र गर्न सकियो भने निःशुल्क कटानी हुने, पछि गर्मीको कारण घाँस कम प्राप्त तथा मसुरो गहुँ कटानीमा व्यस्त हुने भएकोले पछि ढुवानी गर्न उचित नमान्ने।
- चिनी बढी पर्ने उदेश्यले मिलले समयमा मिल चालु नगर्नाले कृषकलाई अनावश्यक दुःख हुनु।

(ख) **चिनीमिल स्तरका :**


- मिलले सही तथ्यांक (जात, किसान, क्षेत्रफल, अनुमानित उत्पादन) नराख्नु।
- मिल सुचारू रूपले नचली मेशिनरी समस्या हुनु।
- मिलमा दैनिक क्रसिङ्गको क्षमता बढी उखु मिल / काँटामा भीड लाग्नु।
- मिलमा कर्मचारीहरूद्धारा हडताल बन्दी हुनु।
- नियमीत तरीकाले उखु ढुवानी नहुनु।
- उखु प्राविधिकहरूले छिटो, मुख्य सिजन तथा ढिलो जातका उखुहरूको खेती न गराई जथाभावी गराउनु।
- नगदी किन्न सक्ने पुंजी नहुनु, चिनी तुरून्तै विक्री गर्न न सक्नु।
- धेरै चिनी पर्ने उखु/खुंटी जात व्यस्थित भएर मिलमा नपुग्नु।
- कहिले काही ट्रक, टैक्टर, विग्रेर जाममा पर्नुले मिल निरन्तर रूपमा नचल्नु।
- मिलमा क्षेत्रफल उत्पादन तथा मिलको कसिङ्गको क्षमताको तालमेल न मिल्नु।
- कर्मचारीहरूले कृषकबाट पैसा लिई चलान दिनु।
- काँटामा एकको उखु अर्कोमा थपेर वा बजन घट बढ गर्नु।
- उखु सालै भरि प्राप्त नहुनुका साथै भंडारण गर्ने व्यवस्था नहुनु।
- मिलले आफनो एरीयाको उखु हुदाँ हुदै अर्को मिलका कृषकको उखु नगदी खरीद गर्नु।
- नियमित कृषकको रकम नदिइ अनियमित कृषकको रकम अनियमित तरीकाले भूक्तानी दिनु।
- संगठित र व्यवस्थित तरीकाको कमी तथा मीलबाट समयमा अनुगमन नहुनु।
- मोरहन र खुटी उखु उत्पादनका प्रविधि राम्रो किसिमले कृषकलाई नदिनु।

(ग) **नेपाल सरकार स्तरको :**

- सरकारको नितीमा उखुलाई प्राथमिकतामा न पार्नु तर अव उखुलाई राष्ट्रिय बालीको रूपमा घोषण भएको।
- सिचांई, उन्नत जातको विउ तथा मलको उपलब्धता समयमा न गराउनु।
- उखुमा अध्ययन अनुसंधान गराउन नठान्नुका साथै उक्त विषयमा उद्योगपतिलाई जिम्मेवारी हुने धारणा हुनु।
- बीमा, वितिय सुविधा अनुदान तथा ऋण विधिवत तरीकाबाट उपलब्ध गराउन नसक्नु।
- चीनी मिललाई रूग्न उद्योगको व्यवस्था नहुनु जसले मर्कामा परेको मिल धनीले सहुलियत पाउन सक्ने।
- कम उत्पादन लागत लाग्नका लागि उन्नत कृषि औजार (जोत्ले, रोप्ने, कटाई) मेशिनरीको व्यवस्था न गराउनु।
- उखुको भाउ निर्धारण, सम्झौता, चिनी आपुर्ती तथा आयात निर्यातको नितिगत व्यवस्था नमिलाउनु।
- स्थानीय तथा प्रदेश सरकारले उखु उत्पादन प्रविधि विकास, प्रवर्द्धन तथा समस्या समाधानमा सहयोग नगर्नु।
- कृषक, कर्मचारी तथा मिल बीचको द्धन्दको अनुगमन तथा सही सहजीकरण नगर्नु।











गुल्मीदरवार गाउँपालिका, गौंडाकोट गुल्मीको अनुरोध



"स्वच्छ, सफा, सवल र समृद्ध गुल्मी दरवार हाम्रो चाहना"

- जन्म, मृत्यु, बसाइ सराई जस्ता घटन[redacted] कार्यालयहरुमा गई ३५ दिन भित्रमा [redacted]
- आफ्नो घर अगाडि सफा राखौं। [redacted]
- तोकिएको ठाउँमा मात्र फोहोर [redacted]
- प्रत्येक घरले घर नजिकै कम्तिमा [redacted]
- कुवा, इनार, पँधेरा, खोला सधैं [redacted] नजिक फोहोर नफालौं।

अशोक कुमार थापा, अध्यक्ष — लेख बहादु[redacted] प्रमुख प्रशास[redacted]

सडक सुरक्षा तथा संरक्षण सम्बन्धित सार्वजनिक अपिल

१. सडकसँगै लगाईएका फूल तथा रुख बिरुवाहरु संरक्षण गर्ने सबैको दायित्व भएकोले यसको संरक्षण गरी हरियाली बनाऔं।
२. सडक संरचनामा निर्माण गरिएका रेलिङ तथा कर्भस्टोनको संरक्षण गरौं।
३. जेब्रा क्रसिङबाट मात्र बाटो काट्ने गरौं, सम्भावित दुर्घटनाबाट बचौं बचाऔं।
४. सडक किनारामा जथाभावी पार्किङ नगरौं।
५. पैदलयात्रीले सडक किनाराको पेटी मात्र प्रयोग गरौं।
६. सडक पेटी तथा फुटपाथ अधिकरण नगरौं।
७. सडक किनारामा तथा सडक पेटीमा मालसामान/सवारी साधन निर्माण सामाग्री राखी आवत जावतमा अवरोध नगरौं।
८. साईकल तथा रिक्सा चालकले सर्भिस रोड मात्र प्रयोग गरौं।
९. सबै सवारी साधनहरुले लेन अनुशासन कायम गरौं।

डिभिजन प्रमुख
सडक डिभिजन खलंगा
जुम्ला

# साझा यातायातलाई दिएको तीन अर्ब किन लियो सरकारले फिर्ता ?




काठमाडौं । माघ ६ गते बसेको मन्त्रिपरिषद् बैठकले साझा यातायातमा रहेको ३ अर्ब लगानी ब्याजसहित फिर्ता लिने निर्णय पनि गरेको छ। सरकारले साझा यातायातलाई विद्युतीय बस खरिद गर्न ३ अर्ब रुपैयाँ दिए पनि सो संस्थाले निर्धारित समयमा बस खरिद गरी संचालन गर्न नसकेको हुँदा फिर्ता लिने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री एवं सरकारका प्रवक्ता गोकुल बाँस्कोटाले बताएका छन् ।

२०७६ को असार २४ र २९ गतेको निर्णय अनुसार साझा यातायातलाई ३ सय वटा विद्युतीय बस खरिद गरी सञ्चालनका लागि सरकारको तर्फबाट शेयरबापत ३ अर्ब रुपैयाँ लगानी गरी पैसा दिइएको थियो ।

अब ती बस ल्याउने जिम्मा भौतिक पूर्वाधार मन्त्रालयले पाएको छ । मन्त्रिपरिषद् वैठकले वस ल्याउने जिम्मा सो मन्त्रालयलाई दिएको हो ।

मन्त्रिपरिषद् बैठकले नेपाल वायुसेवा निगमका कार्यकारी अध्यक्ष मदन खरेलको राजीनामा स्वीकृत गरेको छ भने रिक्त रहेको सञ्चालक पदमा मन्त्रालयका सचिव केदार बहादुर अधिकारीलाई नियुक्त गरेको छ। कार्यकारीको अधिकार पनि अधिकारीलाई नै दिइएको छ ।

त्यस्तै सरकारले जर्मनीको बोल शहरमा रहेको नेपाली दुतावासको पुरानो भवन बिक्रीका लागि स्वीकृति दिएको छ। मन्त्रिपरिषदको बैठकले नेपालको सो भवनको मूल्य निर्धारण गरी बोल कबोलमा मोल बढाबढमा बिक्री गर्न जर्मनीको बर्लिनमा सरेको नेपाली दूतावासलाई स्वीकृति दिइएको मन्त्री बाँस्कोटाले जानकारी दिएका छन ।




मन्त्री बाँस्कोटाले तिब्बतमा बर्षौंदेखि बस्दै आएका नेपालीका लागि हस्तलिखित राहदानी परिवर्तन गर्न दिने निर्णय गरेको जानकारी दिएका छन्। पहिले ४० जना त्यस्ता व्यक्ति रहेकोमा अहिले ३८ जना रहेको उनले बताए ।

**यस्ता छन् मन्त्रिपरिषद् बैठकले गरेका ३२ निर्णयः**

१. राष्ट्रिय जनगणना २०७८ को प्रशासनिक व्यवस्थापन तथा आर्थिक सुविधासम्बन्धी मापदण्ड, २०७६ स्वीकृत गरिएको छ ।

२. मालवस्तुको वर्गीकरण तथा उत्पत्ति विषयको पूर्वादेश जारी गर्ने सम्बन्धी विषयको सूचना नेपाल राजपत्रमा प्रकाशन गर्ने निर्णय गरिएको छ ।

३. विशेष आर्थिक क्षेत्र प्राधिकरणको कार्यकारी निर्देशकको नियुक्ति नभएसम्मका लागि सम्पूर्ण आर्थिक, प्रशासनिक अधिकारसमेत प्रयोग गर्ने गरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव श्री शोभाकान्त पौडेल (रा.प. प्रथम श्रेणी) लाई कार्यकारी निर्देशकसमेतको काम तोकिएको छ ।

४. सुनकोशी मरिन डाइभर्सन बहुद्देश्यीय आयोजनालाई राष्ट्रिय गौरवको आयोजनाका रूपमा अगाडी बढाउन स्वीकृति प्रदान गर्ने र सो आयोजनाका लागि स्रोत सुनिश्चित गरी शीघ्र कार्यान्वयन गर्ने निर्णय गरिएको छ ।

५. मर्स्याङ्दी कोरिडोर २२० के.भी प्रसारणलाइन आयोजनाबाट निर्माण हुने प्रसारणलाइनका दाँया बायाँ १५र१५ मिटर गरी ३० मिटर तथा सोलु कोरिडोर १३२ के.भी प्रसारणलाइन आयोजनाबाट निर्माण हुने प्रसारणलाइनका दाँया बायाँ ९/९ मिटर गरी १८ मिटरभित्र पर्ने निजी आवादी जग्गा र सो भित्र रहेका घर, टहरा, अन्य भौतिक संरचना तथा रूखविरूवासमेतको मूल्यांकन गरी क्षतिपूर्ति निर्धारण गर्नका लागि क्षतिपूर्ति निर्धारण समितिको अध्यक्षमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारी र विशेषज्ञ सदस्यमा ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय सिडिई कल्पमोहन सोतीलाई तोक्ने निर्णय गरिएको छ ।

६. बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगका अध्यक्षमा गणेश दत्त भट्ट, डडेल्धुरास सदस्यमा प्रचण्डराज प्रधान, काभ्रेपलान्चोकस डा. गोविन्द गौतम, दाङस मन दाहाल, मोरङ्ग र विष्णु पोखरेल, बर्दिया तथा बेपत्ता पारिएका व्यक्तिको छानविन आयोगको अध्यक्षमा युवराज सुवेदी, भोजपुरस सदस्यमा विश्वप्रकाश भण्डारी, चितवनस गंगाधर अधिकारी, बागलुङ्गस सुनिलरञ्जना सिंह, सर्लाही र सरिता थापा, तनहुँलाई नियुक्त गर्ने निर्णय गरिएको छ ।

७. तेह्रथुम जिल्लामा कम्युनिष्ट पार्टीको सदस्यका रूपमा गतिविधि सञ्चालन गर्ने क्रममा पक्राउ परी २०१९ कार्तिक २९ गते प्रहरीको गोली लागि हत्या भएका स्व. नेत्रप्रसाद गुरागाईंको योगदानको कदर गर्दै निजलाई राष्ट्रिय सहिद घोषण गर्ने निर्णय गरिएको छ ।

८. नेपाल सरकारको स्वामित्वमा रहेको बोन (जर्मनी) स्थित घरजग्गा विक्री प्रक्रिया अघि बढाउन संघीय गणतन्त्र जर्मनीका लागि नेपालका राजदूतलाई अख्तियारी प्रदान गरिएको छ ।

९. तिब्बतका विभिन्न स्थानमा परम्परागत रूपमा बस्दै आएका नागरिकताविहीन हस्तलिखित राहदानीबाहक नेपालीहरूलाई राहदानी जारी गर्न स्वीकृति दिइएको छ ।

१०. पश्चिम एसियामा विकसित घटनाक्रमहरूका सम्बन्धमा परराष्ट्र मन्त्रालयको सम्बन्धित महाशाखाले निरन्तर सूचना/जानकारी लिई समीक्षारमूल्यांकन गर्ने र सम्बन्धित मन्त्रालय/निकायहरूसँग समन्वय गरी आवश्यकतानुसार उपयुक्त कार्य गर्ने निर्णय गरिएको छ। यसका लागि सम्बन्धित महाशाखाका अधिकृत कर्मचारीलाई कार्य जिम्मेवारी तोकिएको छ। उल्लेखित घटनाक्रमहरूका सम्बन्धमा सम्बन्धित मुलुक हेर्ने नेपाली राजदूतावासहरूलाई विशेष ध्यान दिएर काम गर्न निर्देशन दिने निर्णय गरिएको छ। त्यसैगरी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले उक्त क्षेत्रमा रोजगारीमा रहेका नेपाली श्रमिकहरूको अवस्थाका बारेमा निरन्तर सूचना/जानकारी लिने र आवश्यक समन्वय गर्ने निर्णय गरिएको छ ।

११. नेपाल र बहराइन सरकारका परराष्ट्र मन्त्रालयबीच द्विपक्षीय परामर्श संयन्त्र स्थापना गर्ने निर्णय गरिएको छ ।

१२. नेपाल र लेबनान सरकारका परराष्ट्र मन्त्रालयबीच द्विपक्षीय परामर्श संयन्त्र स्थापना गर्ने निर्णय गरिएको छ ।

१३. मन्त्रिपरिषद्को २०७६ जेठ ६ गतेको निर्णयबमोजिम गठित जाँचबुझ आयोगले नेपाल सरकारलाई बुझाएको प्रतिवेदन कार्यान्वयन गर्ने सन्दर्भमा देहाय बमोजिम गर्ने निर्णय गरिएको छ-

क) प्रतिवेदनमा उल्लिखित गुठी जग्गा गुठीकै नाममा कायम गर्ने विषयमा आवश्यक कारवाही गर्नका लागि गुठी संस्थान ऐन, २०३३ को दफा ५२ बमोजिम गुठी संस्थानलाई निर्देशन दिने

ख) प्रतिवेदनले सिफारिस गरेबमोजिम विभिन्न जिल्लाका जग्गा रोक्का राखी व्यक्तिविशेषका नामबाट बदर गरी नेपाल सरकारको नाममा प्रचलित कानून बमोजिम कायम गर्न आवश्यक कारवाही अगाडि बढाउने

ग) प्रतिवेदनमा उल्लिखित कीर्ते गरिएको र ठगी भएको विषयमा अनुसन्धान गरी आवश्यक कारवाही गर्न गृह मन्त्रालयमार्फत प्रहरी प्रधान कार्यालयलाई निर्देशन दिने

घ) जाँचबुझ आयोगले पेश गरेको प्रतिवेदनमा उल्लेखित भ्रष्टाचार सम्बन्धमा अनुसन्धान गरी आवश्यक कारवाही गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा लेखी पठाउने

ङ) उपरोक्त बमोजिम कार्यहरू गरी सम्बन्धित निकायले प्रगति विवरण ३/३ महिनामा प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा पेश गर्ने

१४. जयनगर-जनकपुर-बर्दिवास रेलमार्गको जयनगर-जनकपुर-कुर्था खण्डमा रेल सेवा सञ्चालनका लागि आवश्यक दक्ष श्रमिक नेपाली नागरिकबाट आपूर्ति हुन नसकेमा श्रम ऐन, २०७४ को दफा २२ बमोजिम २६ जनासम्म विदेशी दक्ष श्रमिक नियुक्त गर्न नेपाल रेल्वे कम्पनीलाई सैद्वान्तिक स्वीकृति दिइएको छ ।

१५. मन्त्रिपरिषद्को २०७६ असार २४ र २०७६ असार २९ को निर्णयानुसार साझा यातायत सहकारी संस्था लिमिटेडलाई तीन सय वटा नयाँ विद्युतीय बस खरिद गरी सञ्चालन गर्ने जिम्मेवारीसहित उक्त संस्थामा नेपाल सरकारका तर्फबाट शेयर लगानी बापत रू. ३ अर्ब प्रदान गरी कार्य अगाडी बढाइएकोमा उक्त संस्थाले निधाृति समयभित्र ती बसहरू सञ्चालन गर्न नसकेको हुँदा नेपाल सरकारले साझा यातायत सहकारी संस्था लिमिटेडमा शेयर बापत लगानी गरेको रू. ३ अर्व र सो रकम उक्त लिमिटेडलाई उपलब्ध गराइएको मितिदेखि हालसम्मको ब्याज रकमसमेत नेपाल सरकारको नाममा फिर्ता लिने निर्णय गरिएको छ ।

त्यसैगरी नेपाल सरकारको २०७५ पुस ९ को निर्णयानुसार वातावरणमैत्री विद्युतीय बसको प्राविधिक विवरण र लागत अनुमान एवं विद्युतीय बस आपूर्तिका लागि शर्तसमेत तयार गरी नयाँ विद्युतिय बस खरिद गर्न भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई सैद्धान्तिक सहमति दिइएको छ। नेपाल सरकारका तर्फबाट उक्त कार्यका लागि रू ३ अर्व अर्थ मन्त्रालयले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई उपलब्ध गराउनेछ ।

१६. विभिन्न ४५ पदहरूको २२६ दरबन्दीमा औचित्य र आवश्यकता अनुसार प्रतिस्पर्धात्मक प्रक्रियाको माध्यमबाट नेपाल रेल्व कम्पनीका लागि करारमा कर्मचारी भर्ना गर्न सैद्दान्तिक स्वीकृति प्रदान गरिएको छ ।

१७. प्राविधिक प्रमुख सेनानी इन्दीवर गुरूङ्गलाई प्राविधिक महासेनानी दर्जामा पदोन्नति गर्ने निर्णय गरिएको छ ।

१८. नेपाली सेनाका सहायक रथी जीत बहादुर गुरूङ्ग र महासेनानी अजय राईको राजीनामा स्वीकृत गर्ने निर्णय गरिएको छ ।

१९. नेपाली सेनाका प्राविधिक सहायक रथी डा. देवेन्द्र बहादुर खत्रीसमेत ७ जना रथीवृन्द तथा ९ जना महासेनानीहरूको सरूवा गर्ने निर्णय गरिएको छ ।

२०. प्रवर्द्धक सेन्चुरी इनर्जी प्रा.लि.लाई हाँडी खोला (सुनकोशी ए) साना जलविद्युत आयोजना (९९७ कि.वा.) निर्माण गर्नका लागि गौरिशंङ्कर संरक्षण क्षेत्रभित्रको १.२०७७ हेक्टर राष्ट्रिय वन/सरकारी वन प्रयोग गर्न र त्यहाँ रहेका रूखविरूवा हटाउन स्वीकृत दिइएको छ ।

२१. कमाने (हेटौंडा) रिद्धिसिद्धि ३३ के.भी. प्रसारणलाईनको च्वइ सहित केही पोल संरचना/टावरहरूको निर्माणकार्य गर्न मकवानपुर जिल्लाको हेटौंडा नगरपालिका-१५ मा रहेका चित्रेपानी, रातामाटे र संसारीमाई सामुदायिक वनलगायतको १.१४२२ हेक्टर राष्ट्रिय वन प्रयोग गर्न र त्यहाँ रहेका रूखविरूवा हटाउन स्वीकृति दिइएको छ ।

२२. युरोपियन युनियन एभियसन सेफ्टी एजेन्सी (भ्ब्क्ब) र नेपाल नागरिक उड्डयन प्राधिकरणबीच एभियसन सेफ्टी विषयक समझदारीपत्रमा हस्ताक्षर गर्न नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशकलाई स्वीकृति दिइएको छ ।

२३. नेपाल वायुसेवा निगमका सञ्चालक एवं कार्यकारी अध्यक्ष श्री मदन खरेलले २०७६ माघ १२ गतेदेखि लागू हुने गरी निगमको कार्यकारी अध्यक्षसहित सञ्चालक सदस्य पदबाट दिएको राजीनामा स्वीकृत गर्ने र रिक्त रहन आएको सञ्चालक सदस्य पदमा मन्त्रालयका सचिवलाई तोक्ने निर्णय गरिएको छ ।

२४. लुम्बिनी सांस्कृतिक नगरपालिका र स्पेनको एक्सत्रेमादुरा प्रदेशस्थित Caceres City Council बीच भगिनी सम्बन्ध कायम गर्न स्वकृति दिइएको छ ।

२५. विश्व स्वास्थ्य संगठनको दक्षिणपूर्वी एसिया क्षेत्रको ७४ औं बैठक आगामी २०२१ को सेप्टेम्बरमा नेपालमा आयोजना गर्न स्वीकृति दिइएको छ ।

२६. बुटवल उपमहानगरपालिकास्थित डिभिजन सडक कार्यालय, हेभी इक्विपमेन्ट डिभिजन कार्यालय र आन्तरिक राजस्व कार्यालयको भवन प्रदेश सरकार, प्रदेश नं ५ को सरकारी कार्यालयहरूको उपयोगका लागि उपलब्ध गराउने निर्णय गरिएको छ ।

२७. सैनिक प्राड सेवा (पहिलो संशोधन) नियमावली, २०७६ स्वीकृत गरिएको छ ।

२८. सैनिक विविध सेवा (पहिलो संशोधन) नियमावली, २०७६ स्वीकृत गरिएको छ ।

२९. सैनिक हवाई सेवा (पहिलो संशोधन) नियमावली, २०७६ स्वीकृत गरिएको छ ।

३०. सामाजिक सुरक्षा नियमावली, २०७६ स्वीकृत गरिएको छ ।

३१. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७६ स्वीकृत गरिएको छ ।

३२. वस्तुको प्रत्यक्ष विक्री (व्यवस्थापन तथा नियमन गर्ने) नियमावली, २०७६ स्वीकृत गरिएको छ ।


नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग
व्यापारिक मार्ग विस्तार आयोजना वेलहिया-बुटवल सडक
मणिग्राम, रुपन्देही

**सडक सुरक्षा तथा संरक्षण सम्बन्धित सार्वजनिक अपिल**

सडक विभाग व्यापारिक मार्ग विस्तार आयोजना, बेलहिया-बुटवल सडक अन्तर्गत बेलहियादेखि बुटवल गोलपार्क चिडियाखोलासम्म ६ लेन सडक विस्तारको कार्य भइरहेकोमा, सडक संरचना हामी सबैको सार्वजनिक सम्पत्ति भएकोले सबै नागरिकहरुलाई सडक अनुशासनको पालना गर्न सार्वजनिक अपिल गरिन्छ ।

१. सडकसँगै लगाईएका फूल तथा रुख बिरुवाहरु संरक्षण गर्ने सबैको दायित्व भएकोले यसको संरक्षण गरी हरियाली बनाऔं ।
२. सडक संरचनामा निर्माण गरिएका रेलिङ तथा कर्भस्टोनको संरक्षण गरौं ।
३. जेब्रा क्रसिङबाट मात्र बाटो काट्ने गरौं, सम्भावित दुर्घटनाबाट बचौं बचाऔं ।
४. सडक किनारामा जथाभावी पार्किङ नगरौं ।
५. पैदलयात्रीले सडक किनाराको पेटी मात्र प्रयोग गरौं ।
६. सडक पेटी तथा फुटपाथ अधिकरण नगरौं ।
७. सडक किनारामा तथा सडक पेटीमा मालसामान/सवारी साधन निर्माण सामाग्री राखी आवत जावतमा अवरोध नगरौं ।
८. साईकल तथा रिक्सा चालकले सर्भिस रोड मात्र प्रयोग गरौं ।
९. सबै सवारी साधनहरुले लेन अनुशासन कायम गरौं ।

**योजना प्रमुख**






**"स्वच्छ, सफा, सबल र समृद्ध गाउँपालिका हाम्रो चाहना'**

१. जन्म, मृत्यु, बिहे जस्ता घटना ३५ दिनभित्र वडा कार्यलयहरुमा दर्ता गरौं ।
२. विकास निर्माणका काम उपभोक्ता समिति मार्फत जनसहभागितामा समयमै सम्पन्न गरेर फरफारक गरौं, अर्थात् विकास निर्माणका काममा विलम्ब नगरौं ।
३. स्थानीय सरकारलाई सबल बनाउन समयमै कर तिरौं, सेवा प्रवाहमा रहेका कमि कमजोरी औल्याऔं ।
४. कृषि, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार सिर्जनामा टेवा पुऱ्याऔं ।
५. छोराछोरीलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं ।
६. बाँझो जमिनमा बोटविरुवा लगाऔं ।
७. सीप सिकौं, स्वाबलम्बी बनौं ।
८. भूकम्प प्रतिरोधी संरचना निर्माण गरौं ।

**छत्रकोट गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
चोयाा, गुल्मी



**तिलोत्तमा नगरपालिकाको अनुरोध**




**प्रत्येक वर्ष प्रायः तराई तथा मधेशका जिल्लाहरुमा जाडोयाममा शीतलहर तथा चिसोको कारण जनजीवन प्रभावित हुने गरेको छ। त्यसैले चिसोबाट बच्न निम्न उपायहरु अपनाउनु हुन सर्वसाधारणमा अनुरोध छ।**

**बच्ने उपायहरु**
- गोडादेखि नै न्यानो तथा बाक्लो लुगा लगाउने गरौं
- धुम्रपान तथा मद्यपानको सेवन नगरौं ।
- कोठा न्यानो पारौं र पर्याप्त हावा ओहोरदोहोर हुने व्यवस्था मिलाऔं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा दीर्घ रोगीहरुलाई चिसोबाट जोगाऔं ।
- आमाको दुध खाने बच्चाहरुलाई नियमित रुपमा स्तनपान गराऔं ।
- तातो तथा पोषलो झोल पदार्थहरु प्रसस्त सेवन गरौं ।
- स्वास्थ्य सम्बन्धी कुनै समस्या आईपरेमा, ज्वरो आएमा, झाडा पखाला वा श्वास फेर्न कठिनाई भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखौं ।
- सुत्ने कोठामा आगो, मकल, कोइला बाल्दा झ्याल ढोका बन्द गरेर सुत्नु हुंदैन। जसले गर्दा श्वास फेर्न नसकी निसास्सिएर मुत्यु समेत हुन सक्छ ।
- आगो वालेको ठाउँमा बच्चाहरुलाई एक्लै नछोडौं ।
- छरछिमेकमा कोही बिरामी परेमा नजिकको स्वास्थ्य संस्थामा खबर गरौं र यथाशक्य चाँडो आवश्यक उपचारको लागि लैजाऔं ।

**तिलोत्तमा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
मनिग्राम, रुपन्देही

## १९ औं सशस्त्र प्रहरी दिवस

# 'शान्ति सुरक्षा कार्यमा सशस्त्र प्रहरी बलको विशिष्ट योगदान'

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओली सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालयमा बिहीबार आयोजित '१९औं सशस्त्र प्रहरी दिवस २०७६' विशेष समारोहमा सरिक हुनुभएको थियो ।

उक्त विशेष समारोहका प्रमुख अतिथि प्रधानमन्त्री ओलीले अमर सशस्त्र प्रहरी स्मारकमा पुष्पहार चढाउनुका साथै अमर सशस्त्र प्रहरीप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्नुभयो ।

प्रधानमन्त्री ओलीले उक्त विशेष समारोहमा यसवर्ष उत्कृष्ट बाहिनी घोषित सशस्त्र प्रहरी बल नेपाल नम्बर २ छिन्नमस्ता बाहिनी मुख्यालयका बाहिनीपति सशस्त्र प्रहरी नायव महानिरीक्षक राजु अर्याललाई 'उत्कृष्ट बाहिनी अवार्ड' प्रदान गर्नुभयो ।

प्रधानमन्त्री ओलीले सो विशेष समारोहमा अवकाश प्राप्त सशस्त्र प्रहरी नायव महानिरीक्षक माधवबहादुर थापालाई 'लाईफ टाइम अचिभमेन्ट अवार्ड' प्रदान गर्नुभयो ।

प्रधानमन्त्री ओलीले उक्त विशेष समारोहमा सशस्त्र प्रहरी बलद्वारा प्रकाशित पुस्तक लोकार्पण गर्नुभयो ।

उहाँले सशस्त्र प्रहरी बल नेपालद्वारा आफ्नो कार्यक्षेत्र भित्रका सुरक्षा तैनाथी विशिष्ट व्यक्तिको सुरक्षा, उद्वार कार्य लगाएतको 'डेमोष्ट्रेसन' अवलोकन गर्नुभयो ।

प्रधानमन्त्री ओलीले उक्त विशेष समारोहलाई सम्बोधनको क्रममा कर्तव्यपालनाको क्रममा बीरगति प्राप्त गर्नुभएका संगठनका संस्थापक सशस्त्र प्रहरी महानिरीक्षक स्वर्गिय कृष्णमोहन श्रेष्ठ लगाएत अमर सशस्त्र प्रहरीको श्रद्धापूर्वक स्मरण गर्नुहुँदै उहाँहरुको बीरताको मुग्दकण्ठले प्रशंसा गर्दै घाईते प्रहरी कर्मचारीको शीघ्र स्वास्थ्य लाभको कामना गर्नुभयो ।

उहाँले सशस्त्र प्रहरी बलले शान्ति सुरक्षा कार्यमा विशिष्ट योगदान पुऱ्याउनुका साथै कठिनाईका समयहरु तथा प्राकृतीक बिपत्तीको बेला उद्वार कार्यमा असाधारण योगदान पुऱ्याएको बताउनुभयो । प्रधानमन्त्री ओलीले भूकम्पको बेला सशस्त्र प्रहरी कर्मचारीले उद्वार कार्यमा देखाएको तत्परताको मुग्दकण्ठले प्रशंसा गर्नुभयो ।

राष्ट्र सुशासन र बिकासमा जुटेको उल्लेख गर्नुहुँदै सम्माननीय प्रधानमन्त्री ओलीले यसमा सशस्त्र प्रहरी बलले पनि आफ्नो तर्फबाट योगदान पुऱ्याएको बताउनुभयो ।

बेरुजु फछ्र्योटमा सशस्त्र प्रहरी बल अग्रणी स्थानमा रहेको चर्चा गर्नुहुँदै सम्माननीय प्रधानमन्त्री ओलीले यसतर्फ संगठनको सकृयताप्रति खुशी लागेको उल्लेख गर्नुभयो ।

सशस्त्र प्रहरी बलले उक्त विशेष समारोहमा प्रस्तुत गरेको 'डेमोष्ट्रेसन' उत्कृष्ट रहेको उल्लेख गर्नुहुँदै उहाँले भन्नुभयो- 'डेमोष्ट्रेसन मात्रै होईन, सशस्त्र प्रहरी बलले कार्यक्षेत्रमा देखाएको क्षमताबाट सबै प्रभावित भएका छन् ।'

प्रधानमन्त्री ओलीले सशस्त्र प्रहरी बललाई समयानुकुल प्रभावकारी बनाउँदै लैजान मात्र नभई यस संगठनका सकल दर्जाका सशस्त्र प्रहरी कर्मचारीलाई राज्यले धान्ने सम्मको सुविधा दिन, राम्रो तालिम उपलब्ध गराउन सरकारको ध्यान गएको उल्लेख गर्नुभयो । उहाँले भन्नुभयो- 'सशस्त्र प्रहरी बलले आफुलाई आफ्ना हरेक क्षेत्रमा चुस्त र दुरुस्त राखेको छ ।'

त्यस्तै गृहमन्त्री रामबहादुर थापा 'बादल'ले सशस्त्र प्रहरी बल जनस्तरमा भिजिसकेको तथा प्रभावकारी सुरक्षा निकायको रुपमा आफुलाई उभ्याउन सफल भएको बताउनुभयो ।

देशका ७७ वटै जिल्लामा आफ्नो उपस्थिती जनाउँदै सशस्त्र प्रहरी बलले सीमा सुरक्षा, विपद् व्यवस्थापन, चोरीपैठारी निकासी नियन्त्रण लगाएतका क्षेत्रहरुमा उत्कृष्ट कार्य गरेको चर्चा गर्नुहुँदै उहाँले सशस्त्र प्रहरी बलले अन्य सुरक्षा निकायसँग समन्वय गरी उत्कृष्ट कार्य गरिरहेको उल्लेख गर्नुभयो ।

उहाँले यस संगठनको जनशक्तिलाई संख्यात्मक र गुणात्मक रुपमा बृद्धि गर्दै लगिने बताउनुहुँदै चोरीपैठारी निकासी नियन्त्रण, सीमावर्ती अपराध नियन्त्रण लगाएतका कार्यका लागि क्रमीक रुपमा बोर्डर आउट पोष्टहरु थप गर्दै लगिने कुरा समेत उल्लेख गर्नुभयो ।

गृहमन्त्री थापाले तराईदेखि उच्च हिमाली क्षेत्रसम्म तैनाथ रहेका सशस्त्र प्रहरी कर्मचारीहरुलाई अझै उच्च व्यावसायिक हुँदै जनताको सेवा र सुरक्षामा सकृय रहन निर्देशन समेत दिनुभयो ।

त्यस्तै सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनालले धन्यवाद ज्ञापनको क्रममा राष्ट्र, राष्ट्रियता र अखण्डताको रक्षा गर्न तथा जनताको जीउ धनको सुरक्षाको लागि सशस्त्र प्रहरी बलले आफ्नो तर्फबाट पूर्ण रुपमा योगदान पुऱ्याउने बताउनुभयो ।

बेरुजु फछ्र्योटमा सशस्त्र प्रहरी बलले सर्वोत्कृष्ट स्थान हासिल गरेको चर्चा गर्नुहुँदै सशस्त्र प्रहरी महानिरीक्षक खनालले सशस्त्र प्रहरी बलले परिचालनका क्षेत्रहरुमा उत्कृष्ट योगदान पुऱ्याएको तथा विपद्का बेला खोजी तथा उद्वार कार्यमा पुऱ्याएको योगदानको सबै क्षेत्रबाट मुग्दकण्ठले प्रशंसा भएको उल्लेख गर्नुभयो ।

उहाँले सशस्त्र प्रहरी बलले भ्रष्टाचार, मानवअधिकारको हनन् तथा लैंगिक हिंसामा शुन्य सहनशिलताको नीति अवलम्वन गरेको कुरा समेत उल्लेख गर्नुभयो ।

सशस्त्र प्रहरी महानिरीक्षक खनालले संगठनले अवैध चोरीपैठारी निकासी नियन्त्रणमा समेत उत्कृष्ट कार्य गरेको उल्लेख गर्नुहुँदै यसै आर्थिक वर्षको पुष महिना सम्ममा ३६ करोड ७२ लाख रुपैयाँ बराबरको अवैध सामाग्री नियन्त्रणमा लिई सम्बन्धित निकायमा बुझाईएको बताउनुभयो ।

उक्त विशेष समारोहमा सशस्त्र प्रहरी बलको कार्यक्षेत्र भित्रका विविध कामकारवाहीलाई समेटिएको रणनीतिक कौशलयुक्त डेमोष्ट्रेसन तथा सशस्त्र प्रहरी बलको बैण्डद्वारा सांगीतिक प्रस्तुती समेत गरिएको थियो ।

**प्रभातकालीन विशेष कार्यक्रम**

९औं सशस्त्र प्रहरी दिवस २०७६ को पुनित अवसरमा सशस्त्र प्रहरी बल नेपाल प्रधान कार्यालय हल्चोक स्वयम्भुमा बिहिबार प्रभातकालीन विशेष कार्यक्रम आयोजना गरियो ।




उक्त विशेष कार्यक्रममा सशस्त्र प्रहरी महानिरीक्षक शैलेन्द्र खनालले 'वर्ष जवान-२०७६' घोषित सशस्त्र प्रहरी सहायक हवल्दार ललितबहादुर खाम्चालाई 'वर्ष जवान'को ट्याग प्रदान गर्नुभयो ।

सशस्त्र प्रहरी महानिरीक्षक खनालले विभिन्न कल्याणकारी प्याकेजको घोषणा समेत गर्नुभएको उक्त विशेष समारोहमा अवकाश प्राप्त सशस्त्र प्रहरी कर्मचारीहरुलाई विदाई एवं प्रशंसापत्र प्रदान गर्नुभयो ।

सशस्त्र प्रहरी महानिरीक्षक खनालले आ.व. २०७४/०७५ सम्मको बाँकी बेरुजु फछ्र्योटको प्रगतीमा सशस्त्र प्रहरी बल नेपाललाई सर्वोत्कृष्ट हुन योगदान पुऱ्याउने सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक कुलबहादुर नेम्वाङ, सशस्त्र प्रहरी नायव उपरीक्षक पूर्णबहादुर साउद र ध्रुव के.सी. तथा सशस्त्र प्रहरी निरीक्षक गणेशबहादुर मल्ल र सशस्त्र प्रहरी हवल्दार किशोरकुमार बलामीलाई नगद पुरस्कार एवं प्रशंसापत्र प्रदान गर्नुभयो ।

उहाँले उत्कृष्ट ठहरीएका शिक्षालय, गण, गुल्म तथा बोर्डर आउट पोष्टलाई प्रशंसापत्र प्रदान गर्नुकासाथै संगठनलाई सहयोग पुऱ्याउने विभिन्न महानुभावहरुलाई कदरपत्र प्रदान गर्नुभयो ।

यसैगरी एसइई परिक्षामा उत्कृष्ट अंक ल्याउने बहालवाला, अवकाश प्राप्त एवं बीरगति प्राप्त सशस्त्र प्रहरी कर्मचारीका सन्तती २४ जनालाई छात्रवृत्ती स्वरुप नगद तथा प्रशंसापत्र प्रदान गर्नुभयो ।

सशस्त्र प्रहरी महानिरीक्षक खनालले विभिन्न समयमा अलंकार तथा पदकद्वारा विभुषित सशस्त्र प्रहरी कर्मचारीहरुलाई सो अलंकार तथा पदकद्वारा सुशोभित गर्नुभयो ।

उक्त विशेष समारोहमा सशस्त्र प्रहरी परिवार महिला संघकी अध्यक्ष श्रीमती सरिता कणेल खनालले कर्तव्य पालनाको सिलसिलामा सहिद भएका ९४ जना सशस्त्र प्रहरी कर्मचारीका सन्ततीलाई २४ हजार रुपैयाँका दरले कुल २२ लाख ५६ हजार रुपैयाँ छात्रवृत्ती प्रदान गर्नुभयो ।

सोही विशेष समारोहमा सशस्त्र प्रहरी अतिरिक्त महानिरीक्षकत्रय पुष्पराम के.सी., नारायणबावु थापा र रामशरण पौडेलले संगठनको विभिन्न विद्यामा उत्कृष्ट ठहरीएका सशस्त्र प्रहरी कर्मचारीहरुलाई नगद पुरस्कार तथा प्रमाणपत्र प्रदान गर्नुभयो ।

यसैगरी तेह्रौ दक्षिण एसीयाली खेलकुद प्रतियोगिताका पदक विजेता सशस्त्र प्रहरी बल नेपालका खेलाडीहरुका लागि एनआईसी एसिया बैंकका प्रमुख कार्यकारी अधिकृत रोशनकुमार न्यौपानेले कुल ९ लाख ९५ हजार रुपैयाँको चेक सशस्त्र प्रहरी उपरीक्षक तुल्सीराम दाहाललाई हस्तान्तरण गर्नुभयो ।

सशस्त्र प्रहरी महानिरीक्षक खनालले त्यसअवसरमा सशस्त्र प्रहरी बलका विविध विषयलाई लिएर सशस्त्र प्रहरी बल नेपालमा राष्ट्रसेवकहरुलाई सम्बोधन गर्नुभयो ।

सशस्त्र प्रहरी संचार, इन्ट्रानेट तथा फेसबुकबाट प्रत्यक्ष प्रशासरण गरिएको सो कार्यक्रममा सशस्त्र प्रहरी महानिरीक्षक खनालले संगठनलाई जिम्मेवार सुरक्षा निकायको रुपमा सथापित गर्ने सिलसिलामा सहिद भएका संगठनका संस्थापक सशस्त्र प्रहरी महानिरीक्षक स्वर्गिय कृष्णमोहन श्रेष्ठ लगायत सम्पूर्ण अमर सशस्त्र प्रहरी कर्मचारीको योगदान तथा त्यागको स्मरण गर्नुहुँदै कर्तव्य पालनको सिलसिलामा शारिरीक क्षती व्यहोरेका राष्ट्रसेवकहरुको सीघ्र स्वास्थ्य लाभको कामना गर्नुभयो ।

उहाँले आफुलाई सशस्त्र प्रहरी महानिरीक्षकमा नियुक्ती पश्चात संगठनलाई आवश्यक कार्गनिर्देशन गर्नुहुने प्रधानमन्त्री, गृहमन्त्री, मुख्यसचिव तथा गृहसचिव एवं सहयोग पुऱ्याउने सबैप्रति आभार प्रकट गर्नुभयो ।

संगठनका राष्ट्रसेवकहरुले आफ्नो अनुभवबाट संगालेका सुझाव सल्लाह अनुसारका विषयहरुमा संगठनले सुधार गर्दै लैजाने दिर्घकालीन सोचसहितको योजना रहेको स्मरण गर्नुहुँदै सशस्त्र प्रहरी महानिरीक्षक खनालले संगठनका विविध विषयमा सशस्त्र प्रहरी कर्मचारीहरुको दुढता, कर्तव्य परायणता, समर्पण, सेवाभाव तथा सुरक्षा, सहयोग र उद्वारमा सशस्त्र प्रहरी कर्मचारीले देखाएको निश्वार्थभाव र अटुट लगनशिलताका लागि आभार व्यक्त गर्नुभयो ।

उहाँले देशका ७७ वटै जिल्लाका विभिन्न भागहरु लगाएत सीमा एवं विदेशमा समेत तैनाथ भई राष्ट्रको गौरव बढाउँदै स्वदेश तथा विदेशका आम नागरिकको सेवा, सुरक्षा र उद्वारका कार्यहरुमा सशस्त्र प्रहरी कर्मचारीहरुले योगदान पुऱ्याएको उल्लेख गर्नुभयो ।

सशस्त्र प्रहरी महानिरीक्षक खनालले अग्रज एवं संगठनका बीर सपूतहरुले बगाएको पसिना र रगतलाई सँधै सम्झदै सम्पूर्ण सशस्त्र प्रहरी कर्मचारलि कार्यक्षेत्रमा विशिष्ट योगदान पुऱ्याउन सधैं कृयाशिल रहनु पर्ने बताउनुभयो ।

उहाँले संगठनले कार्यक्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याएको चर्चा गर्नुहुँदै भ्रष्टाचार, मानवअधिकारको हनन एवं लैंगिक हिंसामा संगठनले शून्य सहनशिलताको नीति अवलम्वन गरेको उल्लेख गर्दै ८७ बाट २२१ बोर्डर आउट पोष्ट बनाउने लक्ष्यकासाथ सीमा सुरक्षालाई बलियो बनाउँदै संगठन अगाडी बढिरहेको तथा छिमेकी मुलुकका सीमा रक्षामा तैनाथ सुरक्षा निकायहरुसँग औपचारिक मिटिङहरुका माध्यमबाट राम्रो समन्वयका आधारहरु निर्माण भएको चर्चा समेत गर्नुभयो ।

उक्त विशेष समारोहमा सशस्त्र प्रहरी बलका बरिष्ठ अधिकृत लगाएत विल्लादार जवानहरुको उपस्थिती रहेको थियो ।

यसैगरी अवकाश प्राप्त सशस्त्र प्रहरी महानिरीक्षकहरु लगाएत नेपाल पूर्व सशस्त्र प्रहरी संघका पदाधिकारीहरु एवं सशस्त्र प्रहरी परिवार महिला संघका पदाधिकारीहरुको समेत उपस्थिती रहेको थियो ।




राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कुरियरका लागि सम्झनुहोस्

यूनाइटेड नेपाल
कुरियर्स एण्ड कार्गो प्रा.लि.
Rajendra Bhurtel
Director 9851125417
United Nepal Couriers & Cargo (P) Ltd.
Head office: Thapagaun, Kathmandu, Phone: +977-1-5244679
E-mail: unitednepalcourier@gmail.com, Web: www.uncc.com.np
Domestic & International courier service / your ideal Courier & Cargo partner...



चन्द्रकोट गाउँपालिकाको अनुरोध

- सहभागितामूलक, समावेशी तथा साझेदारी पूर्वक विकास निर्माण, स्वच्छ, निष्पक्ष तथा सुशासनयुक्त, कार्यशैली हाम्रो अभियान ।
- जवाफदेहीता, जिम्मेवारीता र पारदर्शीताका लागि सार्वजनिक लेखापरीक्षण ।
- ज्येष्ठ नागरिक, एकल महिला, अपांग र अशक्त नागरिक प्रति जिम्मेवार बनौं सामाजिक सुरक्षा भत्ता वितरण कार्यको सुनिश्चत गरौं ।
- व्यक्तिगत घटना (जन्म, विवाह, सम्बन्ध विच्छेद, बसाँइ सराई र मृत्यु) सम्बन्धित वडा कार्यालयमा घटना भएको ३५ दिन भित्र दर्ता गरौं ।
- भुकम्प प्रतिरोधी भवनहरु निर्माण गरौं ।

चन्द्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
शान्तिपुर, गुल्मी

अनुरोध

सडक आर्थिक विकासको लागि देशको मेरुदण्ड भएका कारण निर्माण सम्पन्न भैसकेका सडक संरचनामा प्रतिकूल असर पर्ने गरी देहायका क्रियाकलापहरु नगरीदिनु हुन अनुरोध छ ।

१. सडक अतिक्रमण नगरौं ।
२. बाटो काट्दा जेब्रा क्रसिङको सधै प्रयोग गरौं ।
३. सडक छेउछाउमा भएका ट्राफिक चिन्हलाई हेरी त्यस अनुरुप गाडी चलाऔं ।
४. ट्राफिक नियमको पालना गरौं । [redacted]
५. मादक पदार्थ सेवन गरी गाडी [redacted]
६. सरोकारवालाले ट्राफिक सुरक्षा [redacted] कार्यक्रमको आयोजना गर्ने गरौं [redacted]

डिभिजन प्रमु[redacted]
सडक डिभिजन [redacted]
रुकुम




"स्वच्छ, सफा, सबल र समृद्ध गाउँपालिका हाम्रो चाहना'

१. जन्म, मृत्यु, बिहे जस्ता घटना ३५ दिनभित्र वडा कार्यलयहरुमा दर्ता गरौं ।
२. विकास निर्माणका काम उपभोक्ता समिति मार्फत जनसहभागितामा समयमै सम्पन्न गरेर फरफारक गरौं, अर्थात् विकास निर्माणका काममा विलम्ब नगरौं ।
३. स्थानीय सरकारलाई सबल बनाउन समयमै कर तिरौं, सेवा प्रवाहमा रहेका कमि कमजोरी औल्याऔं ।
४. कृषि, पशुपालनमा युवा सहभागिता बढाएर स्वरोजगार सिर्जनामा टेवा पुऱ्याऔं ।
५. छोराछोरीलाई शिक्षित र सक्षम बनाउन विद्यालय पठाऔं ।
६. बाँझो जमिनमा बोटविरुवा लगाऔं ।
७. सीप सिकौं, स्वाबलम्बी बनौं ।
८. भूकम्प प्रतिरोधी संरचना निर्माण गरौं ।

रुरु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बले टक्सार, गुल्मी